# परिच्छेद-एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कविताहरुको विश्लेषणात्मक अध्ययन” रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्ष आठौं पत्र ( नेपा.शि. ५९८) को आवश्यकता परिपूर्ति गर्नु रहेको छ ।

## १.३ समस्याकथन

भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषा बिना मान्छेले आफ्नो दैनिक आवश्यकता पूर्ति गर्न सक्दैनन् । समय चक्रसँगै भाषाको विकास तथा विस्तार हुँदै आएको छ । भाषाको विकास तथा विस्तारमा औपचारिक तथा अनौपचारिक रुपमा विविध प्रकारका कार्यहरु हुँदै आएका छन् । औपचारिक रुपमा सञ्चालन हुने कार्यक्रमहरु मध्येको प्रमुख कार्य भनेको शिक्षण कार्य हो । यसले भाषालाई सुव्यवस्थित रुपबाट सञ्चालन गर्न अर्थात् भाषिक सीप विकासका लागि विविध प्रकारका भाषा पाठ्यक्रमहरुको निर्धारण गरेको हुन्छ । भाषा पाठ्यक्रमले तय गरेको उद्देश्यहरु परिपूर्ति गर्नका लागि पाठ्यपुस्तकको निर्माण गरिएको हुन्छ । यसरी हेर्दा भाषा पाठ्यपुस्तक विशुद्ध रुपमा भाषिक सीपसँग सम्बन्धित उद्देश्यहरु परिपूर्तिका लागि तयार पारिएका सामग्री हुन् भन्ने बुझ्नुपर्दछ । यसर्थ के भन्न सकिन्छ भने भाषा पाठ्यपुस्तक र अन्य विषयसँग सम्बन्धित पाठ्यपुस्तकका बीचमा पर्याप्त अन्तर रहेको हुन्छ ।

एउटै विधाबाट भाषाका चारवटा सीपहरु (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास प्रायः असम्भव हुने भएकोले भाषिक सीप विकासका लागि पाठ्यपुस्तकमा विविध प्रकारका विधाहरुको संयोजन गरिएको हुन्छ । बोध र अभिव्यक्तिगत क्षमताको विकासमा सहयोग पुऱ्याउनका लागि नै पाठ्यपुस्तकमा विविध प्रकारका विधाहरुको संयोजन गरिएको हुन्छ । ती विधाहरु मध्ये कविताविधालाई भाषा शिक्षण तथा भाषिक सीपको विकासका दृष्टिले महत्त्वपूर्ण विधा मानिन्छ ।

कविता विधा साहित्यको अत्यन्त सुन्दर र कोमल विधा मानिन्छ । यो लयबद्ध र भावमय विधा हो । प्राथमिक तहमा विद्यार्थीहरुको उमेर, रुचि र क्षमता अनुसार भाषा पाठ्यपुस्तकमा विविध विधा राखियो भने मात्र विद्यार्थीको मानसिक, बौद्धिक, सामाजिक, नैतिक, वैयक्तिक र सामुहिक विकासमा प्रभाव पर्दछ । सरल भाषामा लेखिएका विधाहरुको लय तथा भावले बालहृदयलाई आनन्दित बनाउने र यसका माध्यमबाट बालबालिकामा शुद्ध उच्चारण गर्ने, लय हाली पढ्ने बानीको विकास हुन्छ ।

प्रारम्भिक तहमा कविता विधा शिक्षणको मुख्य उद्देश्य गति, यति, लय मिलाई लयबद्ध रुपमा सस्वर पठनको अभ्यास गराउने हो । यस तहका बालबालिकाहरु लयबद्ध रुपमा सुन्न र पढ्न रुचाउने हुँदा उनीहरुलाई साहित्य पढ्ने अभिरुचि जगाउन पनि कविता शिक्षणले मद्दत गर्दछ । कविता शिक्षणबाट बालबालिकाको कल्पना शक्ति सृजनात्मक क्षमताको अभिबृद्धि देशप्रेम, दया, सहानुभूति, आदर्श आदि गुणहरुको विकास हुन्छ । यसका साथै चरित्र निर्माण वैचारिक परिष्कार र भाषिक अनुभवका लागि पनि कविता विधाको आवश्यकता अनुभव गरिन्छ ।

निष्कर्षतः के भन्न सकिन्छ भने प्राथमिक तहमा समाविष्ट कविता विद्यार्थीहरुसँग सम्बन्धित रहेर गरिने यस अध्ययनले भाषिक सीप विकासमा तथापाठ्यक्रम अनि पाठ्यपुस्तकको सुधार तथा परिमार्जनमा केही मात्रामा भएपनि

सघाउ पुऱ्याउने अपेक्षा लिई प्रस्तुत शीर्षकलाई समस्याका रुपमा छनोट गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ ।

(क) कविताहरुमा प्रयुक्त विभिन्न पक्षको विश्लेषण गर्नु ।

१. शीर्षकविधान
२. कविताको संरचना
३. भावविधान
४. शब्दभण्डार
५. छन्दढाँचा
६. अलङ्कारविधान
७. दृष्टिविन्दु

(ख) कविता विधाका अभ्यासमा दिइएका नमुना अभ्यासहरु विधागत प्रयोजनअनुरुप छन् छैनन् निक्यौंल गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

भाषा सिकाइमा भाषा पाठ्यपुस्तकको मुख्य स्थान रहन्छ । पाठ्यपुस्तकबाट नै शिक्षणकार्य गरिने हुनाले पाठ्यपुस्तकको निर्माण र छनोटमा ध्यान दिनु आवश्यक छ , प्राथमिक तह विद्यालय तहकै विद्यालय मात्र होइन, सिङ्गो शिक्षण प्रक्रिया र तहको जग हो । जगलाई बलियो बनाउन सके मात्र माथिल्लो तह पनि बलियो हुन्छ । त्यसैले प्राथमिक तहमा भाषाशिक्षण गर्दा कस्ता कति शब्दहरुको छनोट गरेमा पाठ्यक्रमका उद्देश्यहरु पूरा हुन सक्दछन् । विद्यार्थीको रुचि, क्षमता र स्तरअनुकुल हुन्छ । कुन कुन विधा मार्फत के पाठ्यवस्तु शिक्षण गर्न सकिन्छ । पुस्तक सम्पादन गर्दा कस्तो संयोजन गरिनुपर्दछ आदि विषय प्रमुख रहन्छन् ।

प्रभावकारी भाषाशिक्षणका लागि पाठ्यपुस्तकमा पाठहरुको उपयुक्त चयन तथा क्रमबद्धता र स्तरणको खाँचो पर्दछ । पाठ्यपुस्तकमा प्रयुक्त विविध विधाको

उद्देश्य विद्यार्थीहरुमा पाठ्यक्रमले अपेक्षा गरे अनुरुप भाषिक सीप विकास गराउनु हुन्छ । खालि सैद्धान्तिक कुराको मात्र र एउटै विधाको शिक्षण गर्दा शिक्षण प्रकृया झर्को लाग्दो हुन जान्छ । त्यसैले कविता विधाको समावेश पाठ्यपुस्तकमा गरिएको हुन्छ । जसको प्रायेजन आनन्दानुभूति प्रदान गर्दै विद्यार्थीहरुलाई पढाइमा अभिरुचि जगाउनु समेत रहेको छ ।

डा. हेमाङ्गराज अधिकारीद्वारा लिखित "नेपाली भाषा शिक्षण" नामक पुस्तकमा राखिएको "विधाहरुको उपयोगिता" शीर्षकअन्तर्गत कविता विधाको पनि चर्चा गरिएको छ । भाषिक सीप विकासका क्रममा पाठ्यक्रम एवं पाठ्यपुस्तकमा विविध विधाको आवश्यकता हुन्छ । विद्यालय तहका पाठ्यपुस्तकमा कविताहरु मुख्यतः लयबद्ध पठन शुद्धोच्चारण, भावबोध र छन्दबोधको अभ्यासका लागि उपयोगी हुन्छ भन्ने उल्लेख गरिएको छ । उहाँले कविता विधाको आवश्यकता औंल्याए पनि के कस्ता खालका कविता पाठ्यपुस्तकमा समावेश गर्ने भन्ने बारे उल्लेख गरेको पाइँदैन ।

संगीता कार्की (२०५८) ले कक्षा चारमा कविता शिक्षणका लागि प्रयोग गर्न सकिने विधिहरुको अध्ययन "शोध पत्रमा उल्लेख गरेको पाइन्छ । साथै भाषा शिक्षणका महत्त्वपूर्ण विधिहरुको उल्लेख गरी ती विधिहरु मध्ये कविता विधामा उपयुक्त हुने विधिहरुको छनोट गरेको पाइन्छ । कविता शिक्षाणका लागि थप नयाँ विधिहरु के कस्ता हुन सक्छन् सो देखाइएको छ तर कविता कसरी विश्लेषण गर्ने भन्ने विषयवस्तु उल्लेख गरेको पाइँदैन ।

कमलराज खनालको (२०५९) ले मेरो नेपाली किताब कक्षा ४ र सजिलो नेपाली माला कक्षा ४ को तुलनात्मक अध्ययन आफ्नो शोध पत्रमा मेरो नेपाली किताबमा ६ वटा कविता र सजिलो नेपाली मालामा ५ वटा कविता उल्लेख गरेका छन् । अन्य विषय वस्तुको बारे कति कविता चाहिने कस्ता कविता राख्नुपर्ने आदि कुनै पनि विषय उल्लेख गरेको पाइँदैन ।

लक्ष्मीप्रसाद ढकालले (२०५५) सालमा "कक्षा ५ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरुको अध्ययन" शीर्षकमा शोधपत्र प्रस्तुत गरेको

छन् । उक्त शोध शिक्षण विधिमा मात्र केन्द्रित छ । भाषा पाठ्यपुस्तकमा प्रयुक्त कविताको अन्य क्षेत्रको अध्ययन यसमा पाइँदैन । अर्थात् कविता विधाको क्षेत्र क्रम, उपयुक्तता, भावविधान, लयविधान, केही कुरामा पनि उक्त शोधमा चर्चा गरिएको पाइँदैन ।

त्यस्तै त्रि.वि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रद्वारा २०४४ मा गराइएको "शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्त्व" को अध्ययनमा नेपाली भाषका पाठ्यक्रम र पाठ्यपुस्तकको चर्चा गर्दै कविता वाचनसम्बन्धी अभ्यास नभएको कुरा विशेष उल्लेख छ ।

हालसम्म भएका अध्ययनहरुमा प्राथमिक तहको पाठ्यपुस्तकको विधा अन्तर्गत कक्षा ५ को मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कविताहरुको विश्लेषणात्मक अध्ययन नारायणप्रसाद पाण्डेद्वारा गरिएको पाइन्छ । अतः प्रस्तुत विश्लेषणात्मक अध्ययनले थोरै भएतापनि पाठ्यपुस्तक निर्माण र परिमार्जनमा उपयोगी हुन सक्ने विश्वास यस अध्येताले लिइएको छ ।

माथि उल्लेख गरिएका शोधकार्यबाट यसअघि शोध तथा अनुसन्धानका क्षेत्रमा के कस्ता कार्यहरु भइसकेका छन् र के कस्ता कार्यहरु हुँदैछन् भन्ने सम्बन्धमा शोधार्थीहरु अनभिज्ञ हुनुपर्ने स्थिति रहँदै आएकोले सम्पन्न गरिएका शोधकार्यका बारेमा यथासम्भव तरिकाबाट जानकारी दिने परिपाटी बसाल्न आवश्यक देखिन्छ नत्र भने धेरै पटक शोध प्रस्ताव पारित भइसकेपछि पनि अर्को शीर्षकसँग मेल खान गई शोधार्थीले दोहोरो झमेलामा पर्नुपर्ने स्थिति बारम्बार आइरहने हुन्छ । सम्बन्धित क्षेत्रले यस कुरामा विशेष पहल गरी अनुसन्धान कार्यलाई व्यवस्थित तुल्याउनु पर्ने देखिन्छ । हुन त त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालयले यस समस्या तर्फ ध्यान नदिएको त होइन तर पनि पूर्ण रुपमा समस्या समाधान गर्न सफल भएको देखिँदैन । अन्य विधाका साथै कविताको शोधकार्यमा विद्यार्थीहरुलाई प्रोत्साहित गर्न उचित अवसर प्रदान गर्नुपर्ने देखिन्छ । यस अध्ययनले केही मात्रामा भएपनि सम्बन्धित क्षेत्रको अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याउन सक्ला भन्ने आशा गरिएको छ ।

## १.६ अध्ययनको औचित्य

कुनै पनि विषयका निश्चित उद्देश्यहरु निर्धारण गरिएका हुन्छन् । भाषा विषय पढाउनुका मुख्य उद्देश्य उनीहरुलाई भाषामा दक्ष बनाउनु हो । कुन विषयबाट विद्यार्थीहरुले के कस्ता कुराहरु सिक्न सक्छन् त्यो सिक्नका लागि के कस्ता पाठ्यसामग्रीको आवश्यकता पर्दछ सो कुरा पाठ्यक्रम निर्माताले ख्याल गर्नुपर्दछ । पाठ्यक्रम देश, काल, परिस्थिति र वातावरण सुहाउँदो हुनुपर्छ । पाठ्यक्रम पाठ्यपुस्तक हचुवा किसिमले निर्माण गरेमा त्यसबाट विद्यार्थीहरुले भाषिक सीप आर्जन गर्न सक्दैनन् र सिकेका कुराहरु समय र परिस्थितिसँग मेला नखाने खालका हुन सक्दछन् । फलतः राष्ट्र र अभिभावकले गरेको लगानी व्यर्थ हुन्छ । तसर्थ हरेक पाठ्यक्रमनिर्माताको ध्यान ती विषयवस्तुतर्फ जानु नितान्त आवश्यक छ । भाषाशिक्षणबाट भाषाको निरन्तर विकास हुँदै जाने हुन्छ । उद्देश्यलाई पूरा गर्न पाठ्यपुस्तकमा राखिएका विधाहरु महत्त्वपूर्ण हुन्छन् ।

कविता विधाको अध्ययन गर्दा पाठ्यक्रम र विषय विस्तीतीकरणले अपेक्षा गरे अनुरुपका उद्देश्यहरु पूर्ण हुने खालका छन् छैनन् । पाठ्यपुस्तकमा राखिएका विधाहरु र तिनको छनौट र स्तरणबीच उद्देश्य अनुरुप तालमेल छ छैन यदि ती कुरा छैनन् भने त्यो सिकाइ असफल र राष्ट्रकै लागि दुर्भाग्यपूर्ण बन्न पुग्दछ । पाठ्यक्रममा भएका उद्देश्यहरु राष्ट्रका लागि के कति उपयोगी छन् ? ती उद्देश्य पूरा गर्नका लागि बनाइएका पाठ्यपुस्तकहरु कति फलदायी छन् ? पुस्तक कति रुचिकर छन् ? पाठ्यक्रमले अपेक्षा गरे अनुसारको ज्ञान हासिल गर्न विद्यार्थीहरु सक्दछन् कि सक्दैनन् ? आदि विषयमा ख्याल राख्नुपर्छ । पाठ्यपुस्तकले विगतमा भएका कमी कमजोरीलाई हटाई सही उद्देश्य पूर्तिका लागि समय समयमा अनुसन्धान र अनुगमन गर्दै जानुपर्दछ । यसो भएमा पाठ्यपुस्तकबाट जीवनोपयोगी ज्ञान प्राप्त गर्न सकिन्छ । जसले गर्दा सही मार्गनिर्देश गर्न सहयोग पुऱ्याउँछ ।

सङ्क्षेपमा प्राथमिक तहको कक्षा ४ को नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त कविता विधाको विश्लेषणात्मक अध्ययनले उक्त पाठ्यपुस्तकहरुमा पाइने कमी

कमजोरीहरुलाई निराकरण गर्दै लैजान र भविष्यमा निर्माण गरिने पुस्तकहरुलाई समयानुकुल र स्तरयुक्त बनाउन विशेष योगदान दिनेछु । यसका साथै प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट कविताहरुको क्षेत्र र क्रम मुख्य रुपमा भाषिक सीपहरुको विकासमा योगदान दिनेछ । यही नै यस अध्ययनको प्रमुख औचित्य हो ।

## १.७ अध्ययनको विधि

प्रस्तुत शोधको अध्ययन विधि मुख्य रुपमा पुस्तकालय विधि रहेको छ । विभिन्न शिक्षाविद् तथा पाठ्यक्रम पाठ्यपुस्तक विशेषज्ञ तथा अध्येताहरुले स्थापित गरेका पाठ्यपुस्तक विश्लेषण सम्बन्धी सैद्धान्तिक मान्यताको अध्ययन गरी प्रस्तुत अध्ययन विश्लेषणका लागि विश्लेषणका आधारहरु निर्धारण गरी तिनै आधारको उपयोग गर्दै सम्बन्धित पाठ्यपुस्तकको अध्ययन गरेर त्यसबाट तथ्य सङ्कलन गरिने छ । कविताको सैद्धान्तिक परिचय तयार पारेर सोको आधारमा सबै कविताहरुको विश्लेषण र व्याख्या गरिने छ । विश्लेषण सामग्रीका रुपमा कक्षा ४ को मेरो नेपाली किताब पाठ्यपुस्तकमा सङ्कलित ६ वटा कविताहरु विश्लेषणका प्रमुख सामग्रीहरु हुनेछन् ।

## १.८ अध्ययनको सीमाङ्कन

(क) प्रस्तुत शोधको अध्ययन नेपाल सरकारको शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा निर्धारित प्राथमिक तह “कक्षा ४ को मेरो नेपाली किताबमा मात्र सीमित रहको छ ।

(ख) यो अध्ययन सो पाठ्यपुस्तकमा प्रयुक्त कविता विधामा मात्र सीमित रहेको छ ।

(ग) कविताहरुको शीर्षकविधान, संरचना, भावविधान, शब्दभण्डार, छन्दढाँचा, अलङ्कारविधान, दृष्टिविन्दुको आधारमा विश्लेषण गरिएको छ ।

(घ) कविता विधाका अभ्यासमा दिइएका नमुना अभ्यासहरु विधागत प्रयोजन अनुरुप छन् छैनन् निक्र्यौल गर्नु ।

## १.९ शोधपत्रको रुपरेखा

प्रस्तुत प्राथमिक तहको मेरो नेपाली किताब पाठ्यपुस्तक कक्षा ४ मा समाविष्ट कविताहरुको विश्लेषण शीर्षक शोधपत्रलाई जम्मा ६ परिच्छेदमा विभाजित गरिएको छ । यसको विवरण निम्नानुसार छ ।

(क) **परिच्छेद १ :** पृष्ठभूमि, शोध परिचय

(ख) **परिच्छेद २ :** कविताको सैद्धान्तिक परिचय

(ग) **परिच्छेद ३ :** पाठ्यक्रम अनुरुपता तथा भाषा शिक्षणका दृष्टिले कविताको विश्लेषण ।

(घ) **परिच्छेद ४ :** पाठ्यपुस्तकमा प्रयुक्त कविताहरुको संरचनागत विश्लेषण ।

(ङ) **परिच्छेद ५ :** नमुना अभ्यासको अध्ययन ।

(च) **परिच्छेद ६ :** निष्कर्ष र सुझावहरु

# परिच्छेद - दुई
# कविताको सैद्धान्तिक परिचय

## २.१ कविताको परिचय

कविता साहित्यको एक पुरानो विधा हो । यो मानव सभ्यताको विकासक्रमको घटना क्रमसँग आएको मानिने प्राचीन लोकगीत, लोकगाथा हुदै क्रमिक रुपमा विकसित भयो । कथ्य र श्रव्य भाषाले सङ्गीत कलासँग मितेरी लगाउँदै भाषिक रुपमा गीत गाथामार्फत कविताको प्रारुपलाई जन्म दियो । लिपिको अविष्कारले कथ्य र श्रव्य भाषिक स्वरुपलाई प्रभावित पारेपछि शिष्ट लेख्य कविताको शुरुवात भएको पाइन्छ । कविताको यात्रा अनेक युगीन घुम्तीहरु पार गर्दै र विविध कांचुलीहरु फेर्दै आफ्ना कतिपय तत्त्वहरुको निरन्तरताका साथ आजसम्म आइपुगेको छ ।

मानिस चेतनशील र संवेदनशील हुन्छ । उसमा आफूमाथि घट्ने विभिन्न घटनाहरुको प्रतिक्रियास्वरुप उत्पन्न हुने सुख : दुःख, प्रेम, घृणा, क्रोध, दया, आशा, निराशाजस्ता कुराहरु चलायमान भइरहन्छन् । प्रकृतिमा आउने परिवर्तनका कारण त्यसमा देखिने सौम्य, मनोरम र विकराल रुपले पनि मानिस भावमय हुन जान्छ । चिरकालदेखि प्राप्त वाणीको वरदानले गर्दा यस्तो स्थितिमा ऊ मूक रहन सक्दैन । त्यसैले ऊ प्रकृतिका उपर्युक्त विविध रुपबाट र जीवनका अनन्य परिस्थितिहरुबाट उद्वेलित भएर आफ्ना अनुभवहरुलाई वाणी दिन्छ । त्यसो गर्दा उसलाई सन्तोष र आनन्द प्राप्त हुन्छ । मानिसको यही प्रकृतिका कारणले कविताको सृजना हुन्छ । यसमा भाव, कल्पना र बृद्धि तीनै कुराको सम्मिश्रण हुन्छ । वास्तवमा कविता अनुभूति हो जो निश्चित लयमा आधारित हुन्छ । यसकारण कविता शिक्षण गद्य शिक्षणभन्दा भिन्नै किसिमको हुन्छ । भाषिक सीपको विकास गर्न सहयोग पुऱ्याउने प्राचीन र लोकप्रिय विधाका रुपमा कविता विधालाई मानिन्छ । नेपाली बृहत शब्दकोशले पद्यमा लेखिएको कविद्वारा आफ्ना सबै अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक रचनालाई

कविताका रुपमा लिइएको पाइन्छ । भाषासिकाइलाई प्रभावकारी बनाउन र महत्त्वपूर्ण क्रियाकलापको सञ्चालन गर्न भाषा पाठ्यपुस्तकमा कविता राखिन्छ । शिक्षण सिकाइका लागि सबै विषयमा शिक्षण सामग्रीहरु पर्याप्त हुँदैन । यस्तो अवस्थामा विविध विधालाई नै भाषिक सीपको विकासका लागि सहायक सामग्रीका रुपमा प्रयोग गरिएको हुन्छ । सो मध्ये एउटा प्रमुख सामग्रीका रुपमा कविता विधा पनि मानिन्छ । त्यसैले सिकाइलाई गतिशील र प्रभावकारी बनाउने उद्देश्यले पाठ्यक्रममा कविता विधालाई स्थान दिइएको हुन्छ । भाषा-सिकाइका क्रममा कविता-विधालाई समाविष्ट गर्नु आवश्यक पक्ष पनि हो ।

कविता कविका मनमा तरङ्गित हुने अनुभूति हो । विश्वका कुनै भाषाको उच्चतम र सुन्दरतम् मान्यता कविता हो । त्यसैले यो सुन्दर हुन्छ । साहित्यिक विधाहरुमा कविता सर्वाधिक लोकप्रिय मानिन्छ । कविता कविको भाव हो र भाव कविका अन्तरर्मनमा खेल्ने गर्दछ ।

कवितालाई विश्वसाहित्यमा अनेक रुपले चिनाउने वा अर्थ्याउने प्रयत्न गरिदै आएको छ । संस्कृत - वाङ्मय साहित्यमा दोषरहित र गुणसहित अलङ्कार रहित शब्दार्थ, रसमय वाक्य, रमणीय अर्थ प्रतिपादित गर्ने शब्दका रुपमा व्यक्त गरिएको पाइन्छ ।

पूर्वीय साहित्यशास्त्रमा कविता शब्दको व्युत्पत्ति कविता (प्रकृति) + ता ( प्रत्यय) बाट भएको हो । कविले रचनाकारलाई र 'ता' ले कविको रचनालाई बुझाउछ । यस व्यूतपत्ति अनुसार कविताको तात्पर्य कविद्वारा सिर्जित रचना विशेष वा कविको कर्म हो भन्ने बुझाउँछ । पाश्चात्य साहित्यशास्त्रमा कवितालाई Poetry भनिन्छ । Poetry शब्दको व्यूतपत्ति Poet शब्दबाट भएको हो । यी दुई शब्दका बीचमा नजिकको सम्बन्ध छ । Poetry शब्दले रचनाकार विशेषलाई बुझाउँछ । पश्चिमी साहित्यमा कवितालाई "सिर्जनात्मक आरव्यानमा जीवनलाई प्रतिबिम्बित पार्ने छन्दोबद्ध रचना भावपूर्ण वा छन्दोबद्ध भाषामा प्रकृतिको अनुकरण" आदिलाई जनाउँछ । नेपाली साहित्यमा कविता सम्बन्धी धारणा कुनै विषय वा कथानकलाई लिएर मनोहर शैलीका शुत्रमा गुँथिएका शब्द र अर्थहरुको

समुचित योगात्मक गुम्फन, श्रृङ्गार, वीर, करुण आदि रसको भावप्रदर्शन, जीवन र जगत्लाई हेरि आएको अमूर्त रुपलाई केही माध्यमद्वारा बाहिर प्रकट गर्नु, इत्यादि रुपमा व्यक्त गरिएको पाइन्छ (कोइराला २०५०)

कवितालाई काव्य शब्दले पनि पुकारिन्छ । काव्यलाई साहित्यकै पर्यायका रुपमा पनि लिइएको पाइन्छ । आजभोलि यो शब्द (काव्य) ले खण्ड काव्य र महाकाव्य समेत समेटेको पाइन्छ । अचेल कविता भन्नाले कुनै भाव या अनुभूति विशेषलाई लिएर लेखिएको फूटकर रचना समेत बुझिन्छ । कवितामा प्रभावत्मकता, तीव्रता र संक्षिप्तता हुन्छ । तर आफैमा परिपूर्णता हुन्छ । कविता शब्दले अहिले जुन अवस्थामा आएको छ यस अवस्था आउदासम्म यसले विभिन्न धाराहरु विभिन्न काल हुँदै परिमार्जन र परिवर्धन हुँदै अनेक गौडा गल्छेडाहरु पार गर्दै अहिलेको स्वरुप ग्रहण गरेको छ ।

## २.२ कविताको परिभाषा

कविता साहित्यकै एक विधागत भेद हो । साहित्य वा काव्य भाषिक कलाका रुपमा वाङ्मयको रागात्मक र सौन्दर्यपरक शाखा हो । भाषिक प्रयोग क्षेत्रको व्यवहारिक र बौद्धिक प्रयोजनभन्दा भिन्न सौन्दर्यात्मक प्रयोजन मुख्य भएका भावप्रधान र प्रयोग र स्थल हो । कविता यो परिपेक्ष्यमा कविता लयात्मक भाषिक अभिव्यक्तिको वाङ्मय पनि हो । भाषिक प्रयोग हुने क्षेत्रको लयात्मक र सौन्दर्यको उपज पनि हो । कवितालाई विधागत सन्दर्भमा चिनाउँछ । साहित्यको लयात्मक वैशिष्ट्यता भएको गद्येत्तर भेद पनि हो । कवितामा आरव्यान र अन्तरशरव्यान मानवीय अनुभूत जगतको लयात्मक विशिष्टता रहेको हुन्छ । कविता के हा भन्ने प्रश्नको जवाफ सजिलैदिन सकिदैन । विश्वको सर्वप्राचीन ग्रन्थ ऋग्वेददेखि लिएर अझैसम्मपनि कवितालाई परिभाषित गर्ने प्रयत्न भएको पाइन्छ । ती मध्ये पूर्व र पश्चिम दुवै तर्फका आचार्यहरुले कविताको परिभाषा आ-आफ्नो तरिकाले दिइएका छन् । जसलाई निम्नानुसार देखाइन्छ ।

**(क) पूर्वीय धारणामा कविताको परिभाषा**

पूर्वीय आचार्यहरुले फुटकर कविताको छुट्टै चर्चा नगरे पनि समष्टिमा 'काव्य' शब्दकै माध्यमबाट सबै प्रकारका कविता अझ सम्पूर्ण साहित्यकै परिचय दिएको पाइन्छ । सोही परिप्रेक्ष्यमा यहाँ कविताबारे उनीहरुको दृष्टिकोण प्रस्तुत गरिएको छ ।

अग्निपुराणका अनुसार "अभीष्ट भावलाई सङ्क्षेपमा व्यक्त गर्ने पादवली काव्य हो ।"

मम्मट : "यस्ता शब्द र अर्थलाई काव्य भनिन्छ जसमा दोष छैन, अलङ्कार छन्, गुण छन् र कहिलेकाहीँ अलङ्कार पनि छैन ।"

विश्वनाथ : "रसले परिपूर्ण वाक्यलाई काव्य भन्दछन् ।"

आनन्दवर्धन : "काव्यको आत्मा ध्वनि हो ।"

वामन : "रीति नै काव्यको आत्मा हो ।"

जगन्नाथ : "सुन्दर अर्थ प्रतिपादन गर्ने शब्दलाई काव्य भन्दछन् ।"

क्षेमेन्द्र : "औचित्य नै काव्यको आधार हो ।"

**(ख) पाश्चात्य विद्वान्हरुका दृष्टिमा कविताको परिभाषा**

वर्डस्वर्थ : "कविता प्रवल मनोवेगको स्वच्छन्द प्रवाह हो ।"

कलरिज : "कविता उत्तम शब्दहरुको उत्तमोत्तम क्रमविधान हो ।"

एरिष्टोटल : "आदर्शको प्रतिनिधित्व रुप कविता हो ।"

कार्लाइन : "सङ्गीतपूर्ण विचारलाई काव्य भनिन्छ ।"

शेली : "तीव्रतम दु:खको कथा नै सबभन्दा मीठो गीत हो ।"

**(ग) नेपाली साहित्यकारका धारणामा कविताको परिभाषा**

कवि माधवप्रसाद घिमिरेका अनुसार : "शब्द, संगीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो ।

पारसमणि प्रधानका विचारमा कवितामा भावको प्राचर्य हुनु आवश्यक छ । उनी भन्दछन् :

"कवि कविता होस्, कविता कवि होस्,

कविता तब पो हुन्छ ।

शब्द थपारिकन के हुन्छ ?

भाव भए पो हुन्छ ।"

बालकृष्ण सम : "कवितालाई भावनाको बौद्धिक कोमलताका रुपमा स्वीकार्छन् ।"

केदारमान व्यथित : "तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो ।"

वासुदेव त्रिपाठी : "मानव मनका अनुभूतिको लयात्मक भाषिक कलात्मक कथन नै कविता हो ।"

हेमाङ्गराज अधिकारी : (२०४३:९) "मानवीय संवेदनालाई भाषाको माध्यमबाट सौन्दर्यपूर्ण ढङ्गमा अभिव्यक्ति दिने काव्य हो ।"

यी माथिका परिभाषाहरुका आधारमा कवितालाई यस किसिमले चिनाउन सकिन्छ :

भाषाको विशिष्टतम प्रयोग भएको आनन्दानुभूति दिलाउने, थोरैमा धेरै कुरा समेट्ने, जीवन र जगत्को वर्णन भएको, स्वच्छन्द प्रवाह बग्ने, साहित्यिक अभिव्यक्तिलाई कविता भनिन्छ जसमा साङ्गीतिकता समेत रहेको हुन्छ । अनि यो कविता बुझिने कुरा नभएर अनुभव गरिने कुरा हो ।

## २.३ कविताका तत्त्वहरु

कुनै पनि कलाकृतिको सृजनामा सष्ट्राको जीवनदृष्टि र विद्याधारणको भूमिका महत्त्वपूर्ण हुने गर्दछ । कविता आख्यानअन्तर्गत महत्त्वपूर्ण विधा भएकोले अख्यान संरचनाको आवश्यक तत्त्वहरुको प्रयोग कविताको संरचनामा पनि हुने

गर्दछ । यसका साथै कवितामा कविको जीवनदृष्टि र सृजनात्मक भावनाको प्रयोग हुने हुनाले कविताको लेखनको प्रश्न काव्यशास्त्रीय प्रश्न मात्र नभएर सौन्दर्यशास्त्रीय प्रश्न पनि हो ।

अंग्रजीका Elements को सामनार्थी शब्द तत्त्व हो । कुनै पनी वस्तुलाई अस्त्विमा ल्याउने वा निश्चित संरचना प्रदान गर्ने कारक वा अवयवलाई तत्त्व भनिन्छ । तत्त्वहरुले योगबाट नै सिङ्गो संरचना निर्माण हुन्छ । साहित्व पनि एउटा सिङ्गो संरचना भएको बस्तु हुनाले यसका हरेक विधाका आ-आफ्नो प्रकारका संरचना तत्त्व घटकहरु हुन्छन् । यिनै संरचक तत्त्व वा घटक/कारकबाट कविता काव्यको निर्माण हुन्छ ।

काव्यका संरचक तत्त्वका सम्बन्धमा पूर्व र पश्चिमका विद्वानहरुमा मतैक्य पाइँदैन । पूर्वी साहितयमा रस, शब्दार्थ, सौन्दर्य, रीति, ध्वनि आदिलाई काव्य तत्त्व मानिएको छ । काव्य र कविताको तत्त्वलाई आन्तरिक र वाह्य गरी दुई भागमा बाँड्ने प्रचलन पनि छ । कविका संरचनात्मक पक्षको चर्चा गर्दा प्रमुख रुपमा सबैको ध्यान संरचनात्मक तत्त्वहरुमा पुग्नु स्वभाविकै हो । संरचनात्मक तत्त्वहरुका सम्बन्धमा विभिन्न विद्वनहरुले विभिन्न तत्त्वहरुको चर्चा गरेतापनि प्रमुख रुपमा निम्न तत्त्वहरुलाई अघि सार्न सकिन्छ ।

**(क) शीर्षक**

कविताको अनिवार्य तत्त्व शीर्षक हो । काव्य रचनाका लागि चयन गरिएको भाव, विचार, कथ्य वा वस्तुलाई नै वषयवस्तु भनिन्छ विषयवस्तुको वाह्यि र आन्तरिक सङगति शीर्षकमा मिलेको हुनुपर्दछ । यसबाट प्रमुख चुरो थाहा पाउन सकिन्छ । कविताले भन्न खाजेको सार (मूलभूत) कुरा शीर्षकमा हुनुपर्दछ । भाषाशैली शीर्षकमा स्पष्ट हुनुपर्दछ । काव्यलाई पूर्ण रुपमा समेटिनुपर्छ ।

**(ख) लयविधान**

कविताको सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । ली धातुमा अच् प्रत्यय लागेर बनेको लय शब्दले गहन एकाग्रता, तल्लनिता, तन्मयता, विलयन, सङ्गीतमा

स्वरको आरोहअवरोहको विशेषक्रम आदि अर्थको धोतन गर्दछ । कविताकृतिका चरण, पाउ, गति, यति, लय, पङ्ति हरफको गतिक्रम वार्णिक, मात्रिक वा आक्षरिक वितरणक्रम ( आवृति/अनावृति) उच्चारण श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनि नै लयविधानको लक्ष्य हो । कविताकृतिको भाषाशैलीले बाह्य संरचना हुँदै आन्तरिक संरचनाका क्रममा भावबिम्ब (अर्थतत्त्व र रुपतत्त्व) सँगै लयविधानलाई वहन गर्नुपर्ने हुँदा लयतत्त्वका निम्ति उपलब्ध भाषिक विकल्पका एक सीमाभित्रबाटै लयात्मक श्रुतिरम्य चयन गर्नु खास गरी छनदोबद्ध कवितामा रहने गर्दछ ।

**(ग) भाषाशैली**

भाषा भाव अभिव्यक्तिको माधयम हो भने शैली भाव अभिव्यक्तिको पद्धति हो । भाष् धातुमा आ (टाप्) प्रत्यय लागेर बनेको भाषा र शील धातुमा य (व्यय) तथा ई (ङीप्) प्रत्यय लागेर बनेको शैली दुवै शब्दका योगबाट भाषाशैली बन्दछ । भाषाशैलीको अर्थ भाव प्रकाशनका लागि गरिने अभिव्यक्ति कौशल वा पद्धति हुन्छ । भाषाशैली अभिव्यक्तिको प्रवाह हो । कविताको भाषा गद्यात्मक वा पद्यात्मक हुन्छ । यी मध्ये जुन भए पनि लयात्मक हुन चाहीँ अनिवार्य छ । कवितालाई बढी लयात्मक बनाउन भाषाका पद, पदावली, वाक्य-वाक्य वा पंक्तिगुच्छ, अनुच्छेद आदिको विशेष प्रकारले विधान गरिन्छ । कविता भाषाका माध्यमबाट हरफ चरण वा अनुच्छेद योजनामा उत्तरोत्तर विकसित कलात्मक अभिव्यक्ति हो । कविता भाषिक कला हो । यसको कलात्मक गुणले गर्दा नै कवितालाई ललित कला अन्तर्गत राखिन्छ । कविताको भाषा अभिधात्मक भन्दा लाक्षणिक र व्यञ्जनार्थक साथै संक्षिप्त र सङ्केतात्मक हुनुपर्छ । कवितामा विचलनयुक्त भाषिक प्रयोग पनि गरिन्छ । यस्तो प्रयोगबाट पनि लय पैदा हुन्छ । कवितामा प्रयोग गरिने सङ्कथनगत पद्धतिलाई शैली भनिन्छ । शैली व्यक्तिपिच्छे फरक हुन्छ । भाषाका माध्यमबाट गरिने अभिव्यक्तिको प्रकार नै भाषाशैली हो । भाषाशैलीकै माध्यमबाट कविताले मुर्त रुप प्राप्त गर्दछ ।

**(घ) भावविधान / विषयवस्तु**

कविताको अनिवार्य तत्त्व विषयवस्तु हो । काव्यरचनाको लागि गरिएको भाव विचार कथ्य वा वस्तुलाई नै विषयवस्तु भनिन्छ । कविले आफ्नो रचनामा ब्रह्माण्डका सम्पूर्ण वस्तु मानवीय स्वभाव प्रवृति, प्राकृतिक वस्तु, धर्म संस्कार र संस्कृति जस्ता विविध पक्षलाई ग्रहण गरेर काव्य रचना गर्दछन् । काव्यमा प्रयोग गरिने विषयवस्तु जति सशक्त र उपयुक्त हुन्छ कविता पनि त्यती नै सशक्त र उपयुक्त हुन्छन् । कवितालाई जीवन भोगाइका क्रममा जुन वस्तुले अभिप्रेरित गर्दछ त्यही उत्प्रेरक वस्तु नै कविताको विषय हुन्छ । यहि नै विषयवस्तुमा कविता रचना गर्नुपर्छ भन्ने अनिवार्यता छैन । कवि विषयवस्तु छान्न स्वतन्त्र हुन्छ । यहि स्वतन्त्रताको कारण कवितामा पनि विविधता पाइन्छ ।

**(ङ) बिम्बप्रतीक / अलङ्कारविधान**

अंग्रेजीमा Symbol को नेपाली प्रतिरूप शब्द 'बी' धातुमा 'वन्' प्रत्यय लागेर बनेको हो । बिम्बलाई 'प्रतिमा', 'प्रतिबिम्ब' वा 'प्रतीक' पनि भन्ने गरिन्छ । प्रस्तुतबाट अप्रस्तुतको बोध गराउने वा प्रयुक्त शब्दका माध्यमबाट अन्यार्थको बोध गराउनु नै बिम्ब प्रतीक अलङ्कार विधान हो । कुनै पनि वस्तुको लाक्षणिक अर्थ बुझाउन बिम्बको प्रयोग गरिन्छ । बिम्बले शब्दवस्तुको प्रतिच्छायाका रूपमा विशिष्ट अर्थको बोध गराउँछ । संसारिक वस्तु वा जीवनजगत्का व्यापक सन्दर्भबाट टिपिएका सामग्रीहरु नै बिम्ब हुन् । कविताको भाषामा पाइने सादृश्य विधान वा अप्रस्तुत विधानलाई बिम्ब भनिन्छ । बिम्ब प्रयोगबाट कविता सुन्दर र उदात्त बन्दछ । बिम्बले भाव सम्प्रेषण गराउने र त्यसमा अदृश्य ध्वनि तथा गति उत्पन्न गरउने दुवै काम गर्छ ।

**(च) दृष्टिविन्दु**

दृष्टिविन्दुलाई उपस्थापन पद्धति पनि भनिन्छ । दृष्टिविन्दु भनेको कविले आफ्ना भाव, विचार, अनुभूति वा अभिव्यक्तिलाई पाठक समक्ष पुऱ्याउने माध्यम हो । कवि र पाठकका बीच विचार विनियम गर्ने साधन दृष्टिविन्दु हो । यसैमा आधारित भएर कविले गृहीत भाव र विषयवस्तुलाई कवितात्मक रुपमा प्रस्तुत

गर्दछ । कविको भावना, अनुभूति, चिन्तन, संवेग आदिलाई अभिव्यक्ति गर्ने सूक्ष्म प्रक्रियालाई दृष्टिविन्दु प्रष्टिन्छ । दृष्टिविन्दु दुई प्रकारको हन्छ ।

(क) प्रथम पुरुष दृष्टिविन्दु

(ख) तृतीय पुरुष दृष्टिविन्दु

प्रथम पुरुष दृष्टिविन्दुलाई आन्तरिक दृष्टिविन्दु पनि भनिन्छ । यसमा कविले प्रथम पुरुषात्मक शैलीमा वा 'म' पात्रको प्रयोग गरी वैयक्तिक भाव, मानसिकता, संवेग आदिको माध्यमबाट आफ्नो अनुभूतिलाई प्रस्तुत गरेको हुन्छ । प्रथम पुरुषमा कविले आफ्नो अभिव्यक्ति दिने हुँदा यो आत्मलाप वा आत्मकथा जस्तो पनि देखिन्छ ।

तृतीय पुरुष दृष्टिविन्दुलाई बाह्यदृष्टिविन्दु पनि भन्ने गरिन्छ । यसमा कविले सर्वज्ञ भएर कुनै व्यक्तिको नाम वा तृतीय पुरुष पात्रका घटना विचार वा अनुभूति व्यक्त गर्दछ । तुतीय पुरुष ऊ, त्यो, उनी, तिनी आदि सर्वनामको प्रयोग गरिन्छ । दृष्टिविन्दुको अन्तरले कविताको प्रस्तुतिमा फरक पार्दछ ।

**(छ) व्यञ्जना**

शब्द र अर्थ दुवैका कारणले कुनै उक्ति कथन वा कृतिमा प्रस्तुत वा कथित भन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जब पारदर्शकताका साथ झल्कन्छ त्यो स्थिति व्यञ्जना हो । कविता कृतिमा यो व्यञ्जना स्थानीय स्तरमा वा पूरै कृतिभर व्याप्त पनि हुन सक्छ । यस प्रकारका व्यञ्जनाका उद्भावनामा सन्दर्भ वा प्रकरणले पनि ठूलो भूमिका खेल्दछ । जब कविताका आन्तरिक संरचनामा अर्थका एक भन्दा बढी तह वा तरेलीहरु रहेको भावका पाठक (श्रोताले) अनुभव गर्दछ । त्यस व्यञ्जना समृद्धिले कृतिको कलात्मक प्रभाव र मूल्यलाई उचाल्दछ । कुनै कविता कृतिमा मुख्य प्रस्तुत अर्थका बिम्बका रुपमा सहप्रस्तुत नभई लाक्षणिक व्यञ्जनागम्य (अप्रस्तुत/अकथित) अर्थका रुपमा आउनुलाई प्रतीकविधान भनिन्छ ।

## २.४ कविताको वर्गीकरण

कविता साहित्यको प्रचीन विधा हो । यो प्रचीन कालदेखि प्रमुख विधाका रूपमा रहँदै आएको छ । कविता विधालाई निम्न भागमा विभाजन गरेको पाइन्छ ।

कविता :

- लघुतम कविता
- लघुकविता
- मझौला कविता
- वृहत् कविता

### २.४.१ लघुतम कविता

कविताको सबैभन्दा सानो स्वरूपको उपविधालाई लघुतम कविता भनिन्छ । यसलाई पूर्वमा मुक्तक र पश्चिममा लघुकविता (Short Poem) भनिन्छ । वैदिक संस्कृत साहित्यमा पाइने ऋचा संरचनाका आधारमा दुई हरफयुक्त श्लोक वा मुक्तकीय ढाँचालाई द्विपदी, तीन हरफयुक्त कविता श्लोकलाई त्रिपदी र चार पाउ वा हरफयुक्त कवितालाई चतुष्पदी भनिएको पाइन्छ । तर आजका प्रायः मुक्तकहरु ३/४ हरफदेखि ७ हरफ सम्मका उपयुक्त हुने भए तापनि ती १०/१२ हरफसम्मका पनि पाइन्छन् ।

जति नै सानो भए पनि मुक्तकको आफ्नो संरचना हुन्छ । यसका कुनै अनुभव वा सोचाइका केही लहर थाहै नपाइकन प्रायः दुई चार लहर प्रकट हुनसाथ मुक्तक समाप्त र पूर्ण भइसक्छ । यसमा अनुभव र सोचाइको अभिव्यक्तिगत आयाम पनि निकै छरितो र अनि छोटो हुन्छ र त्यो अभिव्यक्ति थाहै नपाई थालिई पूरा भइसक्छ । यस अभिव्यक्तिमा कथ्य भावको समयात्रा निकै छोटो रहने हुनाले यसको सूक्ष्म संरचना पनि लगभग स्वयं संरचिततुल्य लाग्दछ । मुक्तक लगायत कविताको लघुतम रुपले अंगाल्ने तत्त्वहरु प्रायः कविताका अरु रुपले अंगाल्ने तत्त्वहरु प्रायः कविताका अरु रुपले अंगाल्ने तत्त्वसरह नै हुन्छन् । कथ्य विषयवस्तु तथा भाव र लय ढाँचा एवं कथनसमय तथा भाषिक संरचनाको अति संक्षिप्त स्थिति नै यसको परिचायक लक्षण हो । लेखनाथको ‘सत्यसन्देश’ यसको उदाहरण हो ।

### २.४.२ लघु कविता (फुटकर कविता)

कविताको आयामका दृष्टिले फुटकर कविता मुक्तक भन्दा अपेक्षकृत रूपमा विस्तारित हुन्छ । फुटकर कवितालाई श्लोक वा अनुच्छेद योजनामा बाँधिन्छ । आख्यानको कमै सम्भावना पाइने फुटकर कवितामा एक परिवेश विशेषका अनुभूतिको अभिव्यक्ति हुन्छ । लघु कविता मुक्तक भन्दा ठूला र प्रबन्धात्मक संरचनायुक्त कविताको मझौला रुप खण्डकाव्यभन्दा साना बढीमा ९९ श्लोक सम्मका कवितालाई लघुकविता वा फुटकर कविताभित्र राखिएको पाइन्छ । यस अन्तर्गत लेखनाथको 'पिंजडाको सुगा', देवकोटाको 'यात्री', भूपिशेरचनको 'हामी' पर्दछन् । कविताको यही रुप बढी चलनचल्तीमा आएको पाइन्छ । कविता गोष्ठिमा प्रस्तुत गर्न, पत्रपत्रिकामा साहित्यिक स्तम्भमा छाप्न, कुनै कविको विशेष परिचयका लागि उदाहरण पेश गर्न देखिलिएर रेडियो, टेलिभिजन जस्ता श्रव्यदृश्य संचारका लागि यसै किसिमका कविताहरु चुनिन्छन् । सरल, सरस, छोटो, लयात्मक भाषिक गुम्फन नै कविताको लघुरुप हो ।

### २.४.३ मझौला कविता (मध्यमरुप)

कविताले लघुरूप छोडेर आकार बढाउन थालेपछि मध्यम रुप प्राप्त गर्दछ । कविताको मध्यम रुपलाई खण्डकाव्य भनिन्छ । मझौला कविता फुटकर कविता र महाकाव्यका बीचको मध्यम रुपाकृति प्राप्त अवस्था हो । यसमा जीवन जगतको विराटताका सट्टा जीवनको कुनै एक अंश वा खण्डको सम्पूर्ण प्रस्तुति हुन्छ । यसको कथानक बीचमै उठी बीचमै टुङ्गिएको पनि आदि, मध्य र अन्त्यको श्रृङ्खलामा अन्वित हुन्छ । खण्डकाव्य कुनै काव्य विशेषको खण्ड अंश वा भाग नभई यो आफैमा पूर्ण रुपाकृति प्राप्त कविताको विकसित रुप हो । महाकाव्य हुन पूर्वमा कम्तीमा ८ सर्ग हुनुपर्ने मान्यता छ भने ८ सर्ग भन्दा कमका सर्गबद्ध अथवा प्रबन्धात्मक स्वरुपको कृति नै खण्डकाव्य हो । यसको विषयगत आयाम जीवनको एक खण्डांशमा आधारित भएको देखिन्छ । यस अन्तर्गत मुनामदन, युद्ध र योद्धा, गौरी-राजेश्वरी, ऋतुविचार आदि पर्दछन् ।

### २.४.४ बृहत् कविता

कविताको बृहत् रूपलाई महाकाव्य भनिन्छ । फुटकर कविता जीवनको एक क्षणिक अनुभव खण्ड हो भने खण्डकाव्य जीवनको एक अंश वा खण्ड नै हो अनि महाकाव्य सिङ्गो जीवन हो । खण्डकाव्यमा नरहे पनि यसका अन्य विशेषताहरु पूर्ण भएमा खण्डकाव्य मानिन सक्छ तर महाकाव्यमा अनिवार्य रुपले आख्यान अपेक्षित हुन्छ । कविताको आयाम विस्तारका क्रममा लघुत्तम रुपदेखि फूटकर हुँदै क्रमशः बृहत्तर यात्राका क्रममा कविताले आख्यानमा अनेक उपाख्यनको अपेक्षा गर्दछ । आख्यानमा उपख्यानको योग भएमा कविताको आयाम विस्तारित र विकसित हुँदै बृहत् हुन पुग्छ । कविताको यो विकासक्रममा पात्र, घटना र वातावरण समावेश हुन्छ । विषयवस्तु सङ्कथन, पात्र आदिको व्यपकताका कारण महाकाव्यलाई सर्ग, अध्याय वा अनेक भाग खण्डमा विभाजन गरिएको हुन्छ । महाकाव्य कवितामा निबद्ध सुगठित र श्रृङ्खलित प्रवन्ध काव्य हो । यसमा प्रचीनदेखि नवीनतम सम्म कुनै विषयका आधारमा मानवजीवनको यथार्थ र आदर्श पक्षको कलात्मक प्रस्तुति गरिन्छ । आदि अन्त मिलेको अनुभूतिको व्यापक र विशिष्ट रुपाकृतिलाई महाकाव्य भनिन्छ । महाकाव्यमा अनुभूतिलाई विस्तार गर्दै जीवनको सिङ्गो र सवल रुपको प्रस्तुति गरिन्छ ।

महाकाव्य पनि मूलतः दुई प्रकारको पाइन्छ ।

(क) बृहत् महाकाव्य (ख) बृहत्तर महाकाव्य

**बृहत् महाकाव्य**

युग समग्रताका स्थानमा प्रायः जीवन समग्रताको चित्रण वर्णनमा आधारित महाकाव्य बृहत् महाकाव्य अन्तर्गत पर्दछन् । सोमनाथको 'आदर्शराघव', बालकृष्ण समको 'चिसो चुह्लो' तथा लक्ष्मीप्रसाद देवकोटाको सबै महाकाव्य (शाकुन्तल, सुलोचना, महाराणाप्रताप, ..........आदि) हरु बृहत् हुन् ।

**बृहत्तम महाकाव्य**

अनुभूतिको दीर्घतम् परम्परा विस्तार भएको महाकाव्य नै बृहत्तर महाकाव्य हुन् । असंख्य पात्र र तिनका गतिविधिगत विविधता भित्र एक सिङ्गो युगकै चित्र

उपस्थित हुने कृति नै त्यस्ता महाकाव्य हुन् । पूर्वमा व्यासको महाभारत, बाल्मीकिको रामायण हुन् । पश्चिममा होमरका, इलियड, ओडिसी आदि पर्दछन् ।

सर्गवद्धता, बृहत् संरचना, बद्ध तथा मुक्तलय, कथानक, पात्रविधान, देश-काल-परिवेश, भावविधान आदि महाकाव्यका तत्त्वगत गुणहरु हुन् । निष्कर्षमा महाकाव्य, कविता र आख्यानको सन्तुलित प्रयोग भएको जीवन जगत्को विस्तृत कथन गर्ने विशाल कवितात्मक उपविधा हो ।

**सारांश**

भाषाको विशिष्टतम प्रयोग भएको आनन्दानुभुति दिलाउने थोरैमा धेरै कुरा समेट्ने, जीवन र जगत्को वर्णन भएको, स्वच्छन्द प्रवाहमा बग्ने, साहित्यिक अभिव्यक्तिलाई कविता भनिन्छ । कविताको परिभाषा दिने क्रममा पूर्वीय, पाश्चात्य र नेपाली साहित्यकारहरुले आ-आफ्नो धारणामा परिभाषा दिएको पाइन्छ ।

कुनै पनि विधाका आ-आफ्नै तत्त्व भएझैँ कविता विधाका पनि आफ्नै आधारभूत तत्त्वहरु हुन्छन् । ती तत्त्वहरुमा शीर्षक, लयविधान, भाषाशैली, भावविधान, विषयवस्तु, विम्वप्रतिक, दृष्टिविन्दु र व्यन्जना पर्दछन् । कविताको वर्गीकरण गर्ने क्रममा लघुतम कविता, लघु कविता, मझौला कविता र बृहत् कविता भनि चार भागमा वर्गीकरण गरेको पाइन्छ ।

# परिच्छेद-तीन

# पाठ्यक्रम अनुरुपताका दृष्टिले कविताको विश्लेषण

## ३.१ प्रथमिक तहको भाषा पाठ्यक्रम

शिक्षाको उद्देश्य निर्धारण गरिसकेपछि त्यहाँसम्म पुग्न विभिन्न शैक्षणिक क्रियाकलापहरु गर्नुपर्दछ । शैक्षिक उद्देश्य प्राप्तिका निम्ति जुन जुन क्रियाकलापहरुको निर्धारण गरिन्छ । त्यसलाई सुव्यवस्थित पार्ने निर्देशनको माध्यम नै पाठ्यक्रम हो । पाठ्यक्रमले सिकाइको क्षेत्रमा वृहत क्षेत्र ओगटेको छ । शिक्षाको क्षेत्रमा गरिने लगानी, प्रक्रिया र प्रतिफल सबैलाई समेटेर पाठ्यक्रम निर्धारण गरिन्छ ।

यस अन्तर्गत सैद्धान्तिक रुपमा विषयवस्तुमा आधारित भएर सामान्य लक्ष्यहरु उल्लेख गरिएको हुन्छ । शैक्षिक, सांस्कृतिक, राजनैतिक तथा राष्ट्रिय प्रकृतिको झलक यसमा पाइन्छ । पाठ्यक्रममा कुनै खास तहको शैक्षिक उद्देश्य निर्धारण गर्न निर्धारित उद्देश्य अनुरुप विषयवस्तु छनौट गर्ने, सिक्ने सिकाउने विधि आवश्यक सामग्री तथा मूल्याङ्कन प्रविधि समेत उल्लेख गरिएका हुन्छ । पाठ्यक्रमले ज्ञानलाई संगठित पारी निश्चित अवधि भित्र सम्पन्न गर्न सक्ने खालका निश्चित व्यवहारिक ढाँचा तयार गर्नमा मद्दत गर्दछ । भाषा पाठ्यक्रमका सन्दर्भमा भन्ने हो भने पाठ्यक्रमले शैक्षिक सांस्कृतिक दर्शन जनाउने थुप्रै साधारण लक्ष्यहरु भाषा सिकाइबाट पूरा गर्दछ । भाषिक सीप सिकाइका सम्पूर्ण क्रियाकलापहरु भाषा पाठ्यक्रममा अंकित हुन्छन् ।

नेपाली भाषा पाठ्यक्रमले तयार गरे अनुसार पूर्व प्राथमिक शिक्षालाई प्राथमिक शिक्षाको पूर्व तयारीको रुपमा लिएको छ । कक्षा १ देखि ५ सम्मको शिक्षालाई प्राथमिक तह त्यसैगरी ६ देखि ८ सम्मलाई निम्नमाध्यमिक तहको रुपमा निर्धारण गरेको पाइन्छ । १०+२ लाई उच्च माध्यमिक शिक्षा समावेश गरेको पाइन्छ । प्राथमिक तहका कक्षामा शिक्षालाई वालकेन्द्रित गरी वालवालिकामा अन्तर्निहित क्षमताको विकास गर्ने, दैनिक व्यवहारमा आइपर्ने

साधारण लेखाइ, पढाइ, हिसाव सम्बन्धी सीपको विकास गर्न, जीवनोपयोगी मूल्य मान्यता र अवस्थाहरुको सम्वर्द्धन गरी इमान्दारी, स्वावलम्वन र श्रमशीलता जस्ता गुणहरु र नागरीक वैज्ञानिक तथा वातावरणीय चेतनाको विकास गर्ने उद्देश्य राखिएको छ । सोही उद्देश्य अनुसार प्राथमिक तहका पाठ्यक्रमले साधारण विद्यालय तर्फका विषय पाठ्यभार र पूर्णाङ्क निम्नानुसार तोकेको छ ।

**तालिका नं. १**

**साधारण प्राथमिक तहको पाठ्यक्रम**

| क्र.स. | विषयहरु | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ८ | १०० |
| २ | गणित | ६ | १०० |
| ३ | अङ्ग्रेजी | ५ | १०० |
| ४ | सामाजिक तथा वातावरण शिक्षा | – | – |
| ५ | शारीरिक शिक्षा | ३ | ५० |
| ६ | सिर्जनात्मक अभिव्यक्तिशील कला | ३ | ५० |
| ७ | वातावरणीय विज्ञान तथा स्वास्थ्य शिक्षा | ६ | १०० |
| ८ | सामाजिक शिक्षा | ५ | १०० |
| ९ | इच्छाधीन (भाषा/अन्य) | ३ | १०० |
| | | ३९ | ७०० |

स्रोत : प्राथमिक शिक्षा पाठ्यक्रम (२०४९)

## ३.३ भाषा विषयमा हासिल गर्ने सिकाइ उपलब्धिहरू

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले कक्षागत उद्देश्यहरु निर्धारण गरेको छैन र समष्टिमा सबै विषयको प्राथमिक तहकै उद्देश्य निर्धारण गरेको छ जुन निम्नानुसार उल्लेख गरिन्छ ।

प्राथमिक शिक्षाको मूलभूत उद्देश्य शिक्षालाई बालकेन्द्रित गरी बालबालिकामा अन्तर्निहित क्षमताको विकास गर्ने, दैनिक व्यवहारमा आइपर्ने

साधारण लेखाइ पढाइ हिसाबसम्बन्धी सीपको विकास गर्न, जीवनपयोगी मूल्य मान्यता र अवस्थाहरुको सम्वर्द्धन गरी इमान्दारी, स्वावलम्वन र श्रमशीलता जस्ता गुणहरु र नागरिक वैज्ञानिक तथा वातावरणीय चेतनाको विकास गर्ने हुनेछ भनी उल्लेख गरिएको छ ।

कक्षा ४ को अन्तमा नेपाली भाषा विषयमा हासिल हुने सिकाइ उपलब्धिहरु निम्नानुसार उल्लेख गरिएको पाइन्छ ।

**सुनाइ**

- परिचित वातावरणमा अरुले बोलका कुराहरु सुनेर व्यक्त गर्न ।
- सामान्य र आशयगत अर्थको भिन्नता सुनेर छुट्याउन ।
- अपरिचित वातावरणमा हुने कुराकानीहरु सुनेर व्यक्त गर्न ।
- कुनै काम गर्न क्रमिक रुपमा दिइएका निर्देशनहरु सुनेर पालना गर्न ।

**बोलाइ**

- बीच-बीचमा नरोकिई स्वभाविक रुपले बोल्न ।
- गति, यति र लय मिलाई वाचन गर्न ।
- परिचित र अपरिचित चित्र वस्तु र वातावरणका आधारमा प्रश्नोत्तर, छलफल र मौखिक वर्णन गर्न ।
- सजिला उखान टुक्काहरुको प्रयोग गरी बोल्न ।
- अभिवादन, आभार र क्षमा व्यक्त गरी नम्र रुपले बोल्न ।

**पढाइ**

- औषधीको बट्टा अथवा सीसीमा लेखिएको मात्रा र निर्देशन पढ्न ।
- हस्तलिपि प्रष्टसँग पढ्न । (बिल, भौचर, भर्पाई)
- बालसाहित्यहरु मौन रुपमा पढ्न ।

**लेखाइ**

- बान्की मिलाएर ठिक दूरीका वाक्यहरु लेख्न ।
- अपरिचित शब्द र छोटा वाक्यहरुको श्रुतिलेख गर्न ।
- निर्देशन अनुसार सरल रचनाहरु (स-साना वर्णन, संवाद, कक्षा शिक्षक र प्र.अ. लाई निवेदन, प्रवन्ध लेख्न)

## ३.४ भाषिक सीपविकासका क्षेत्रहरु

### (क) उच्चारण

- सबै शब्दहरुको शुद्ध र स्पष्ट उच्चारण गर्न ।

### (ख) बोध (श्रुति र पठन)

- सुनेका र पढेका विषयवस्तुमा भएका घटना र विचारहरुमा विद्यमान कारण र सम्बन्ध व्यक्त गर्न ।
- कुनै पाठ्यवस्तु सुनिसकेपछि वा पढिसकेपछि सोधिएका प्रश्नका सम्बन्धमा आफ्नो विचार व्यक्त गर्न ।

### (ग) कार्यमूलक व्याकरण

कार्यमूलक व्याकरणका नियमहरु पालना गरी अभिव्यक्त गर्न ।

### (घ) शब्दकोश

बालशब्दकोशको प्रयोग गर्न ।

### (ङ) शब्दभण्डार

२५०० शब्दहरु प्रयोग गरी बोल्न (पाँच सय शब्द थप)

### (च) वाक्यमा शब्दसंख्या

बढीमा १०-११ वटा शब्द भएका वाक्य गठन गरी प्रयोग गर्न ।

## ३.५ विधाको क्षेत्र र क्रम

भाषा शिक्षणमा भाषिक सीपको सिकाइमा जोड दिइने भए तापनि विषयवस्तुका अभावमा सीप सिकाइको कल्पना गर्न सकिदैन । विषयवस्तुबिना भाषिक पाठ्यवस्तु प्रस्तुत गर्न सम्भव हुँदैन । विषयवस्तुहरु पनि हरेक पाठमा एउटै किसिमले प्रस्तुत गर्नु भन्दा विभिन्न ढाँचा र शैलीमा प्रस्तुत गर्नु सिकाइका दृष्टिले रुचिपूर्ण र भाषिक अनुभवका दृष्टिले विविधतापुर्ण हुने हुन्छ । प्रस्तुतिका यस्तै भिन्नतालाई विधा भनिन्छ । विधाले साहित्यका हाँगाविगालाई जनाउँछ । साहित्यका विविध ढाँचाका अभिव्यक्ति तथा रचनालाई विधाका रुपमा लिइन्छ ।

क्षेत्र भन्नाले विधाले ओगटेको स्थान र क्रम भन्नाले क्रमिकता भन्ने बुझिन्छ । कविता विधाको क्षेत्र निर्धारित गर्दा एकै किसिमका कविताहरु पाठ्यक्रममा राखियो भने पाठ्यक्रमले निर्धारित गरेको उद्देश्य पूरा हुन सक्दैन । त्यसैले विविध क्षेत्रबाट विषयवस्तुको सङ्कलन गर्नु सवल पाठ्यक्रमको गुण मानिन्छ । पाठ्यवस्तुहरु भएर मात्र हुँदैन तिनको क्रमिकतामा पनि उत्तिकै ध्यान दिनुपर्छ । यस क्रम मिलाउँदा सरलबाट जटिलको क्रममा उन्मुख हुनुपर्दछ ।

प्राथमिक तहको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कविता विधाको क्षेत्र र क्रम निम्नानुसार उल्लेख गरिन्छ ।

**नैतिक**

नैतिक वा नीतिमूलक कविताको अध्ययनले विद्यार्थीहरुलाई नैतिक ज्ञान दिने हुँदा नैतिक रुपमा सचेत रही आत्मानुशासनको बोध गराउँछ । आत्मिक र मानसिक शुद्धि गराई बालबालिकालाई सही मार्गमा हिडाउन सहयोग पुऱ्याउने हुँदा यस्ता कवितालाई पाठ्यपुस्तकमा समावेश गरिएको पाइन्छ । नीतिमूलक कविताहरुको कोटिमा “पाप लाग्छ” र “आमा” रहेका छन् ।

**सामाजिक**

पाठ्यक्रममा समावेश गरिने हरेक विषयवस्तु समाजबाट नै लिइएका हुन्छन् । मानिस सामाजिक प्राणी भएकाले समाजबाहिर रह्न सक्दैन । त्यसैले

समाज उसको प्रत्यक्ष सम्पर्कमा रहन्छ । त्यसैले पाठ्यक्रम निर्माण गर्दा समाजको प्रत्यक्ष प्रभाव परेको हुन्छ । समाजमा मिलेर बस्न उत्तरदायित्व बोध गर्न आदि विषयवस्तुमा रहेर बनाइएको पाठ्यक्रमले जीवनयापन गर्न सहयोग पुऱ्याउँछ । यस्ता खालका कवितालाई सामाजिक कविता भनिन्छ । पाठ्यपुस्तकमा यस्ता खालका कविता दुईवटा छन् ती हुन् 'गाउँछ गीत नेपाली' र 'लक्ष्य' हुन् ।

**प्राकृतिक**

मानिस जन्मेपछि प्राकृतिक वातावरणमा आउँछ । प्रकृतिको सहायताले उसले आफ्ना चलखेललाई अगाडि बढाउँछ । प्रकृतिमा रमाउँछ, हाँस्छ, बस्छ । त्यसले गर्दा स्वच्छ र रमणीय वातावरणले मानिसका भावनाहरु जागृत हुन्छन् र त्यसकै अनुकरण गरेर रमाएर साहित्यिक सृजना पनि प्रस्फुटन हुन पुग्छ । नदी, जङ्गल, झरना, फूल, वसन्त, सरद आदिको प्रभावबाट सिर्जना भएका कविताहरुलाई प्रकृतिप्रधान कविता भनिन्छ । यस्ता कविताले बालबालिकाहरु रमाउने, गाउँने र आनन्द लिने गर्दछन् । त्यसैले पाठ्यक्रममा यस्ता खालका कविता राख्न आवश्यक हुन्छ र समावेश गरिएका हन्छन् । पाठ्यपुस्तकमा यस्ता किसिमका कविताहरु लेखनाथ पौड्यालको 'राष्ट्रभावनाको गीत' र दैवज्ञराज न्यौपानेको 'नौलाख तारा' हुन् ।

उपर्युक्त कविता विधा प्राथमिक शिक्षा पाठ्यक्रम अन्तर्गत रहेको विषय विस्तृतिकरणको विधा विस्तृतिकरणमा उल्लेख गरिए बमोजिम सामाजिक, नैतिक, प्राकृतिक गरी २/२ वटा उल्लेख गरिएको छ । पाठ्यपुस्तकमा सोही अनुसार पालना भएको देखिन्छ ।

पाठ्यक्रम निर्माण गर्दा छनौट गरिएका विषयवस्तुलाई शिक्षण सिकाइ सिद्धान्तको आधारमा क्रमवद्ध रुपमा राख्नुपर्ने हुन्छ । यस्ता सिद्धान्तहरु सरलबाट जटिलतिर स्थूलबाट सूक्ष्मतिर ज्ञातबाट अज्ञाततिर आदि हुन् । तर कक्षा चारको मेरो नेपाली किताबमा प्रयुक्त कविताहरु उपर्युक्त क्रममा राखेको पाइँदैन ।

कक्षा ४ को मेरो नेपाली किताबमा जम्मा २२ वटा पाठहरु रहेका छन् । ती मध्ये कविता विधाका ६ वटा पाठहरु देखिन्छन् । पाठ्यपुस्तकमा एउटै विधाका

पाठहरुले विद्यार्थीहरुमा निरसता थप्ने हुनाले विधागत विविधता आवश्यक छ । त्यसैले विधागत विविधताको क्रम पनि उपयुक्त किसिमले हुन आवश्यक छ । यस कक्षामा राखिएका पाठलाई हेर्दा पहिलो पाठ लक्ष्मीप्रसाद देवकोटाद्वारा लेखिएको 'पाप लाग्छ' पाठलाई राखिएको पाइन्छ । त्यसपछि दुईवटा पाठका अन्तरमा 'गाउँछ गीत नेपाली' त्यसपछि १ वटा पाठपछि 'लक्ष्य' तयसपछि ४ वटा पाठपछि 'राष्ट्रभावनाको गीत' राखिएको छ । त्यसपछि ३ वटा पाठ पछाडि 'आमा' कविता राखिएको छ । त्यसपछि ४ वटा पाठ पछाडि 'नौलाख तारा' कविता राखिएको छ । त्यसपछि फेरि २ वटा पाठ राखिएको छ ।

समग्रमा कक्षा चारको कविता विधालाई केलाउँदा स-साना बालबालिकाहरुलाई नैतिक सन्देश दिने 'पाप लाग्छ' कविता शुरुमै हुनु उपयुक्त नै देखिन्छ । तर यस कवितामा कलिलो दिमाग भएका बालबालिकाहरुलाई संस्कृतका तत्सम शब्द बढी प्रयोग भएको देखिन्छ । यस तर्फ पाठ्यक्रम निर्माताको ध्यान नपुगेको आभास पाइन्छ । त्यसैले 'पाप लाग्छ कविता' कक्षा स्तर अनुसार धेरै लामो देखिन्छन् । त्यसलाई छोट्याएर राख्नु उपयुक्त देखिन्छ किनकी बालबालिकाहरुले लामो विषयवस्तु सम्झन र लगातार पढिरहन झर्की मान्ने हुनाले त्यो पनि निर्माताले ध्यान नदिएको आभास हुन्छ । कलिलो दिमाग भएका बालबालिकाहरुलाई संस्कृतका तत्सम शब्द 'गाउँछ गीत नेपाली' कवितामा धेरै राखिएको छ साथै आगन्तुक शब्दहरुको पनि प्रयोग पाइन्छ । यस्तै 'लक्ष्य' कविता कक्षा स्तर अनुसार धेरै लामो देखिन्छ । यसको सट्टामा छोटो कविता राख्नु उपयुक्त देखिन्छ ।

## ३.६ भाषा शिक्षणका दृष्टिले कविताको प्रयोजन

पाठ्यपुस्तकमा समावेश गरिएका विधाहरु मध्ये कविता विधा पनि एक हो । यो महत्त्वपूर्ण र सर्वप्राचीन विधा हो । यो लयवद्ध र भावमय विधा हो । सौन्दर्यानुभूतिको माध्यमबाट भावनाको परिष्कार गर्न कविता विधा उपयुक्त मानिन्छ । सरल भाषामा लेखिएका लय तथा भावले बालहृदयलाई आनन्दित गराउने हुँदा यसका माध्यमबाट बालबालिकाको शुद्ध उच्चारण गर्ने तथा लय हालि पढ्ने बानीको विकास गर्न मद्दत मिल्छ ।

विद्यार्थीहरुलाई गति, यति र लय मिलाएर कविता वाचन गर्ने क्षमता हासिल गराउन सकिने हुँदा बोध क्षमता र कल्पनाशक्तिको विकास गराउन सकिने हुँदा बोध क्षमता र कल्पनाशक्तिको विकास गराउन पनि कविता विधाले सहयोग पुऱ्याउँछ ।

विद्यालय तहका पाठ्यपुस्तकमा दिइएका कविताहरु मुख्यतः लयवद्ध पठन, शुद्धोच्चारण, भावबोध र छन्दबोधका अभ्यासका लागि उपयोगी हुन सक्छन् । उक्त किसिमका अभ्यासका माध्यमबाट नै शिक्षार्थीहरुलाई कवितात्मक आस्वादनमा प्रवृत गराउने तथा अभिरुचि बढाउने मुख्य प्रयोजनतिर डोऱ्याउन सकिन्छ ।

कविताले पाठलाई भावात्मक गहिराइमा पुऱ्याउनुका अतिरिक्त मानवीय मूल्य, मर्म र चिन्तनसँग परिचित हुने अवसर दिँदै जीवनलाई निरसपनाबाट मुक्त गरी रसिक बनाउन पनि सहयोग पुऱ्याउँछ । भाषाले विशिष्टता प्राप्त गर्दा कसरी अभिव्यक्त हुन्छ भन्ने कुरा कविता पढ्दा स्पष्ट हुन्छ । यसरी भाषा शिक्षण गर्ने क्रममा गति, यति लय मिलाई सस्वर पाठन गराउन, शुद्ध उच्चारण, वाक्यगठन, हिज्जे र अन्य व्याकरणात्मक अभ्यास गराउन सकिन्छ जसको माध्यमबाट शब्दभण्डार, उच्चारण आदिको विकास गराउन कविता विधाले सहयोग पुऱ्याउँछ । नेपाली भाषाको पाठ्यक्रममा भएका उद्देश्य पाठ्यपुस्तकबाट पूरा हुने खालका देखिन्छन् ।

## ३.७ समय विभाजन र अङ्क विभाजन

कक्षा ४ को मेरो नेपाली किताबको लागि पाठ्यक्रम विस्तृतीकरणमा पाठ्यभार ८ प्रदान गरिएको छ भन्ने पूर्णाङ्क १०० कायम गरिएको छ । विधागत अङ्क भाग छुट्याएको पाइदैन । शिक्षक निर्देशिकामा निम्न अनुसार पाठ्यघण्टिको आधारमा समय विभाजन गरिएको पाइन्छ ।

**तालिका १**

| क्रम संख्या | पाठशीर्षक | अनुमानित घण्टी |
|---|---|---|
| १. | पाप लाग्छ | १२ |
| २. | गाउँछ गीत नेपाली | ८ |
| ३. | लक्ष्य | १२ |
| ४. | राष्ट्रभावनाको गीत | – |
| ५. | आमा | १२ |
| ६. | नौलाख तारा | १० |

यसरी माथिको तालिकाबाट के देखिन्छ भन्ने पाप लाग्छ, लक्ष्य र आमा कवितालाई १२/१२ घण्टी छुट्याएको छ । गाउँछ गीत नेपालीलाई ८ घण्टी मात्र छुट्याएको पाइन्छ । राष्ट्रभावनाको गीतलाई घण्टी छुट्याएको पाइदैन । त्यस्तै नौलाख तारालाई १० घण्टी छुट्याएको छ ।

पाठ्यक्रम निर्माताले पाठ्यघण्टी राख्दा हचुवाको भरमा राखेजस्तो देखिन्छ । राष्ट्रभावनाको गीत कवितालाई घण्टी छुट्याइएको पाइदैन । त्यस्तै ६ श्लोक भएको पाप लाग्छ र ४ श्लोक भएको आमा कवितालाई पनि १२/१२ घण्टी नै छुट्याएको पाइन्छ । त्यस्तै ५ श्लोक भएको गाउँछ गीत नेपाली कवितालाई पनि ८ घण्टी मात्र छुट्याइएको पाइन्छ ।

हुन त कविता लामो र छोटो हुँदैमा पाठघण्टी बढ्ने वा घट्ने होइन तर त्यसमा प्रयुक्त अभ्यास, व्याकरण शब्दभण्डार आदिका दृष्टिले पनि समय विभाजन नमिलेको देखिन्छ ।

**अङ्क विभाजन :** अङ्क विभाजन गर्ने क्रममा वाठ्यक्रम विस्तृतिकरणमा विधागत रुपमा अङ्कविभाजन गरेको पाइँदैन । तर प्रत्येक विधाको लागि निम्नानुसार व्यवस्था गरिएको देखिन्छ ।

| | |
|---|---|
| सुनाइ | २०% |
| बोलाइ | २०% |
| पढाइ | ३०% |
| लेखाइ | ३०% |

अङ्क विभाजन पनि सुनाइ र बोलाइलाई २०/२० तथा पढाइ र लेखाइलाई ३०/३० कायम गरिएको पाइन्छ ।

**सारांश**

विद्यालय तहको पाठ्यक्रममा सामान्यतः यस विधाबाट यो सीप प्राप्त हुन्छ भनेर तोक्न गाऱ्हो हुन्छ तैपनि मोटामोटी रुपमा सम्बन्धित विधाबाट सम्बन्धित सीप प्रदान गर्न सकिन्छ भन्ने आशय बुझी त्यसको व्याख्या गर्नुपर्छ । कविता सामान्यतः भाषाको चारवटै सीपहरु सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीप प्राप्त हुन सक्ने पद्य विधा हो । यसमा सरसर्ती सस्वरवाचन गरेर प्रश्नोत्तर गर्दा सुनाइका कार्यकलाप गराउन सकिन्छ । बोलेर राम्ररी बुझ्ने गरी हाउभाउ सहित अभ्यास गर्दा स्वतः बोलाइ सीपको विकास हुन सक्छ । आँखाले राम्ररी हेरी गति, यति, लय आदि मिलाई सस्वर पढ्दा पढाइ सीपको विकास हुन्छ । यसैगरी यसबाट गराउन सकिने विभिन्न प्रकारका प्रश्न (संक्षिप्त उत्तररात्मक, लामा उत्तर आउने प्रश्न, व्याख्या गर्ने प्रश्न आदि) दिई लेखन अभ्यास गराउँदा स्वाभावैले लेखाइ सीपको विकास हुन्छ । त्यसैले विद्यालय तहमा कविता विधाका माध्यमबाट भाषाका चारवटै सीपको विकास गर्न सकिने भएकोले यो विधा एउटा महत्त्वपूर्ण विधाको रुपमा रहेको छ ।

# परिच्छेद - चार

# पाठ्यक्रममा प्रयुक्त कविताहरुको संरचनात्मक विश्लेषण

प्रत्येक कविताको शीर्षकविधान, संरचना, भावविधान, अलङ्कारविधान, शब्दभण्डार, छन्दढाँचा, दृष्टिविन्दुका आधारमा चर्चा तल गरिएको छ ।

## ४.१ पाप लाग्छ कविता

### ४.१.१ शीर्षकविधान

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचना गरिएको एक उत्कृष्ट बालकविता हो । यस कवितामा कवि देवकोटाले ससाना बालबालिकाहरुलाई नैतिकता, चेतनामुलक शिक्षा प्रदान गरेका छन् । सन्देशात्मक रुपमा व्यक्त गरिएको भावको आधारमा हेर्दा कविताको शीर्षक अविधात्मक नै देखिन्छ । कवितामा प्राकृतिक रुपमै अत्यन्त सुन्दर मानिने फूलहरुलाई नटिप्न, प्रकृतिका गहना मानिएका चराचुरुङ्गीहरु, जीवजन्तुहरुको शिकार गर्नुहुँदैन भन्ने शिक्षा दिइएको पाइन्छ । फूलहरु झैं सुन्दर, शान्त र मनमोहक बनी बालबालिकाहरुले पनि आजको विश्वमा कीर्ति फैलाउन सकेमा अदृश्य रुपमा रहेका ईश्वर समेत प्रसन्न भई सत् मार्गमा लाग्न प्रेरणा प्रदान गर्ने कविको सन्देश रहेको देखिन्छ । कवितामा हरेक बाबालिकाले सत्यवादी, बुद्धिमानी, आज्ञाकारी बनेर अगाडि बढ्न सकेमा नैतिकताको पालना हुँदै जान सक्छ भन्ने सन्देश कविताको शीर्षकबाट नै प्रष्ट गर्न कवि देवकोटाले अविधामूलक छनौट गरी कवितालाई शीर्षकबाट नै प्रष्ट्याउन खोजिएको छ । त्यसैले कविताको शीर्षकविधान सार्थक देखिन्छ ।

### ४.१.२ कविताको संरचना

यस कवितामा कवि देवकोटाले नैतिक पक्षलाई बाल्य जीवनको आदर्शता अनुकरण गर्ने समय हो भनी संकेत गरेको देखिन्छ । कविताको संरचनागत पक्षको अध्ययन गर्दा प्रत्येक श्लोकमा ४ पाउ रहेको देखिन्छ र जम्मा २४ पंक्तिमा आवद्ध गरिएको छ । पाप लाग्छ कविता प्रमाणिकाछन्दमा आवद्ध कविता हो ।

### ४.१.३ भावविधान

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित पाप लाग्छ कवितामा स-साना भाइबहिनीहरुलाई फूलको कोपिला, चराचुरुङ्गी र जन्तुहरुलाई माया गर्नुपर्छ । तिनीहरुलाई दुःख दिने, छक्काउने, लुकाउने जस्ता कुनै नराम्रो काम नगरी फूल जस्तो मिठो सुवास छर्दै सबैलाई हँसाउनु पर्छ । राम्रो नराम्रो काम गरेको हेरविचार गर्ने, भगवान हाम्रै वरिपरि छन् भनी भाव व्यक्त गरिएको पाइन्छ ।

### ४.१.४ छन्दविधान

यो कविता महाकवि लक्ष्मीप्रसाद देवकोटाले रचना गर्नुभएको हो । यस कवितामा जगण, रगण, लघु, गुरु हुने प्रमाणिका छन्दको प्रयोग भएको छ । नटिप्नु, नचुँड्नु आदिमा तेस्रो वर्णलघु हुनुपर्नेमा (छन्दका लक्षण अनुसार) गुरु हुन गएको छ । व्याकरण अनुसार यो प्रमाणिका छन्दमै रचिएको कविता मानिन्छ ।

### ४.१.५ अलङ्कार विधान

प्रस्तुत कविताको भाषा प्रयोग र शैलीको मुख्य विशेषता अनुप्रास वा शब्दअलङ्कार हो । कविताका सम्पूर्ण श्लोकहरुमा छन्दमय श्रुतिमाधुर्य पाइन्छ । उदाहरणको रुपमा अन्त्यानुप्रसपूर्ण पङ्क्तिहरुलाई लिन सकिन्छ ।

लाग्दछ । भाग्दछ (२/४)
लाग्दछ । जाग्दछ (६/८)
पाक्दछ । ढाक्दछ (१०/१२)
लाग्दछ । बग्दछ (१४/१६)
सुवास दी । आश दी (१८/२०)
विचार रे । क्यै गरे (२२/२४)

### ४.१.६ शब्दभण्डार

प्रस्तुत महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित पाप लाग्छ कवितामा प्रयोग भएका शब्दहरुको जम्मा संख्या ८२ छ । शब्दस्रोतका दृष्टिले तत्सम, तद्भव र आगन्तुक शब्दहरुलाई तालिकामा देखाइएको छ ।

| तत्सम | तद्भव | झर्रो | आगन्तुक |
|---|---|---|---|
| धर्म, जन्तु | सराप | कोपिला | चोट, दाग |
| चित्त, जगत | धुलो | नानी | |
| नित्य, भाव | आँसु | घाउ | |
| दया, ईश | आश | हिलो | |
| सुवास, नित्य | | | |
| विचार | | | |

यसका साथै शब्दवर्गका दृष्टिले नाम शब्दहरुमा दया, सराप, जन्तु, जगत, इश, चरीवरी आदि रहेका छन् । त्यस्तै विशेषणमा धर्म, भाव क्रियाविशेषणमा नित्य, दित्वमा चरीवरी र सकर्मक क्रियामा सराप रहेको पाइन्छ ।

### ४.१.७ दृष्टिविन्दु

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित पाप लाग्छ कवितामा स-साना भाइबहिनीहरुलाई फूलको कोपिला, चराचुरुङ्गी र जन्तुहरुलाई माया गर्नुपर्छ । तिनीहरुलाई दुःख दिने, छक्काउने, लुकाउने जस्ता कुनै नराम्रो काम नगरी फूल जस्तो मिठो सुवास छर्दै सबैलाई हँसाउनु पर्छ । राम्रो नराम्रो काम गरेको हेरविचार गर्ने भगवान हाम्रै वरिपरि छन् भन्दै कविले द्वितीय पुरुषात्मक दृष्टिविन्दुको प्रयोग गरी स-साना नानीहरुलाई सन्देशात्मक रुपमा शिक्षा प्रदान गरिएको पाइन्छ ।

## ४.२ गाउँछ गीत नेपाली

### ४.२.१ शीर्षक विधान

गाउँछ गीत नेपाली कविता राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा रचना गरिएको एक उत्कृष्ट कविता हो । यस कविताको शीर्षकबाट नै सम्पूर्ण नेपालीहरुको महिमागान गाइएको छ । कवितामा नेपाल एक अत्यन्तै सुन्दर, शान्त र विशाल देश हो भनी चर्चा गरिएको छ । नेपालका प्रसिद्ध नदीहरु कोशी, गण्डकी र कर्णालीका हरेक फाँटहरुले नेपालीहरुलाई प्राण दिइरहेकाले नेपालीहरु

सगरमाथाको चुचुरोमा समेत सर्वप्रथम नपाली नै पुग्ने गरेका छन् भन्दै हाम्रो राष्ट्रिय विभुतिहरु सीता, भृकुटी, बुद्ध आदिले गरेका योगदानको चर्चा गरिएको छ। त्यसरी नै नेपालीहरुको वीरताको चर्चा गर्दै पूर्वमा टिष्टा र पश्चिममा काँगडा पुग्दा पनि कुनै शक्तिले झुकाउन नसकेको हुँदा नेपालीहरु एसियामा मात्रै होइन विश्वकै वीर जातिहरु हुन् भन्ने देखाइएको छ। यस्ता वीर जाति नेपालीहरु हरेक किसिमको अप्ठ्याराहरु सहेरै भए पनि हिमाल, पहाडका कुना कन्दरासम्ममा एकताको र मित्रताको भाव अभिव्यक्त गर्न सफल रहेको उल्लेख गरिएको छ। यही एकता र मित्रता भावका कारण नेपाल र नेपालीहरु सूर्य र चन्द्रमा झैं अटल र अमर रहने छन् भनी कविताको शीर्षक अनुसार नै भाव व्यक्त गरिएको छ।

### ४.२.२ संरचना पक्ष

यस कवितामा कवि घिमिरेले नेपाल मात्रको नदीहरुको महत्त्व र महिमाको चर्चा गरेका छन् भने राष्ट्रिय विभूति सीता र भृकुटीले भारत र चीनसँग स्थापना गरेको दौत्य सम्बन्धको चर्चा गर्दै हिन्दु र बौद्ध धर्म बीचमा धार्मिक समन्वय रहदै आएको कारण सम्पूर्ण नेपालीहरुमा एकता भाव व्यक्त गरिएको छ। त्यस्तै सगरमाथाकै कारण नेपाल र नेपाली विश्वभरी परिचित छन् भन्ने देखाउन खोजिएको छ।

यसरी प्रस्तुत कविता राष्ट्रिय लोकगीत अन्तर्गत पर्ने सोरठी लोकछन्द लयमा पर्छ। १६ अक्षरे गीति छन्दमा संरचित यो कविता १८ पंक्तिहरुमा पूर्ण भाव भएको रचना हो।

### ४.२.३ भावविधान

कवि माधवप्रसाद घिमिरेले 'गाउँछ गीत नेपाली' कवितामा बालबालिकाहरुलाई गीतको माध्यमबाट नेपालको प्राकृतिक सुन्दरताको चर्चा गरेका छन्। यहाँका हिमाल, पहाड र तराई क्षेत्रहरुका साथै नेपालीहरुलाई चिनाउने काममा भृकुटी, सीता, बुद्ध तथा शिव जस्ता देवताहरुको महत्त्व दर्शाइएको छ। नेपालीहरु विश्व विजयी बनेर अगाडि बढ्न कुनै शक्तिको अगाडि

घुँडा टेक्नु नपरेको कुराको समेत स्मरण गरिएको छ । यसरी राष्ट्रगीतले हाम्रो देशको गरिमा र महिमाको भाव व्यक्त गर्दै बालबालिकाहरुलाई आफ्नो जन्मभूमिप्रति समर्पित हुनुपर्ने आह्वान गरेको छ ।

### ४.२.४ छन्दविधान

राष्ट्रकवि माधवप्रसाद घिमिरेले रचना गर्नुभएको राष्ट्रिय गीत लोकगीत अन्तर्गत पर्ने सोरठी लोकछन्द लयमा पर्छ । 'दशैं' तिहार आदि चडपर्वका वेला 'सोरठी' छन्दमा आफ्ना भावना व्यक्त गर्ने पूरानो चलन छ । यो भनाइ अनुसार आफ्ना राष्ट्रभक्तिका भावना पोखिएको यो गीत सोरठी छन्दमा पर्छ ।

### ४.२.५ अलङ्कार विधान

अन्त्यानुप्रास एवं शब्द अलङ्कारपूर्ण प्रस्तुत कविताको मुख्य विशेषता गीति माधुर्य एवं शब्द सरल अनि अभिधापूर्ण अर्थ माधुर्य समेत रहेको पाइन्छ । उदाहरणका निम्ति अन्त्यानुप्रासपूर्ण पंक्तिहरुलाई लिन सकिन्छ ।

महाकाली । उचाली (३/४)

निकाली । उचाली (५/६)

भारत । तिब्बत (७/८)

मुहान । विहान (९/१०)

रोजेर । खोजेर (१५/१६)

पुगेथ्यौ । झुकेथ्यौ (११/१२)

माझमा । साँझमा (१३/१४)

ध्वजाली । उचाली (१७/१८)

### ४.२.६ शब्दभण्डार

कविवर माधवप्रसाद घिमिरेद्वारा लिखित गाउँछ गीत नेपाली कवितामा विभिन्न शब्दवर्गका गरी जम्मा १०९ शब्द रहेको पाइन्छ । कवितालाई मिठास भर्न कविले तत्सम, तद्भव, आगन्तुक र ठोस नेपाली शब्दको प्रयोग गरेका छन् । जुन निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ ।

| तत्सम | तद्भव | आगन्तुक | नेपालीभर्रा |
|---|---|---|---|
| ज्योति, पङ्ख | | | झुल्का |
| शान्त, विशाल | यही, ध्वजा | किल्ला | बास |
| शिखर, सृष्टि | लहर, सगरमाथा | एसिया | विहान |
| सभ्यता | साँझ, धुला | सारा | लेक, बैँसी |
| प्रीति, तारा | फूल | दिल | मुहान, बिहान |
| शान्ति, शीला | | | सामु |
| प्रीति, शक्ति | | | |

यसका साथै शब्दवर्गका दृष्टिले नाम शब्दहरुमा - ध्वजा, ज्योति, पङ्ख, लेक, बैँसी, सृष्टि, शिखर, किल्ला, शिला आदि रहेका छन् ।

### ४.२.७ दृष्टिविन्दु

गाउँछ गीत नेपाली कविता राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा रचना गरिएको कविता हो । यस कवितामा बालबालिकाहरुलाई गीतको माध्यमबाट नेपालको प्राकृतिक सुन्दरता नेपालका राष्ट्रिय विभूतिहरु सीता, भृकुटी, बुद्ध आदिको योगदानको चर्चा गरिएको यस कवितामा कविले तृतीय पुरुषात्मक शैलीको प्रयोग गरेका छन् ।

## ४.३ लक्ष्य

### ४.३.१ शीर्षकविधान

प्रस्तुत 'लक्ष्य' कविताको शीर्षक एक शब्दको पदबाट बनेको छ । 'लक्ष्य' कवितामा कवि पारसमणि प्रधानले कविताको माध्यमबाट हरेक मानिसले अगाडि बढ्दा कुनै न कुनै प्रकारको लक्ष्य बनाएर मात्रै अगाडि बढ्नु पर्छ । यसरी अगाडि बढ्दा सोचेको कामहरु पूरा हुन्छन् र उसले यस धर्तीमा कीर्ति राख्न सक्छ । लक्ष्य बनाएर मानिस अगाडि बढेमा उसले महाभारतका पात्र अर्जुनले झैं प्रसिद्धि पाउँछ । मनको धोको पूरा हुन्छ यसको विपरित लक्ष्य विनाको मानिसको कुनै कार्य पनि

पूर्ण र सफल बन्दैन । ऊ बानर जस्तै हुन्छ भन्दै काम गर्दा लक्ष्य बनाएर अगाडि बढेमा मात्र सफल बन्ने सन्देश दिएको हुनाले शीर्षक सार्थक छ भन्ने देखिन्छ ।

### ५.३.२ कविताको संरचना पक्ष

यस कवितामा हरेक मानिस अगाडि बढ्दा लक्ष्य लिनु आवश्यक छ । लक्ष्यले नै मानिसलाई उन्नती पथमा अगाडि बढाउँछ । हरेक मानिसका मस्तिष्कमा ज्ञान र योजनाका लक्ष्यहरु हुन आवश्यक छ । लक्ष्य नबनाइ मानिस अगाडि बढेमा ऊ कुहिरोको बीचमा काग हराएझै बीच बाटोमै हराउन सक्छ । सफल योग्य र प्रसिद्धिका लागि मानिसले आफ्नो मनलाई स्थिर बनाइराख्नु आवश्यक हुन्छ ।

यसरी ‘ललित’ छन्दमा संरचित प्रस्तुत कविता ४, ४ हरपका ६ वटा श्लोकमा २४ पंक्तिहरुमा पूर्ण भाव भएको रचना हो ।

### ५.३.३ छन्दविधान

वरिष्ठ साहित्यकार पारसमणि प्रधानद्वारा रचित ‘लक्ष्य’ कविता मात्रिक ( मात्रामा गणना गरिने) छन्द अन्तर्गत ‘ललित’ छन्दमा पर्छ । पहिलो पाऊ (पंक्ति) मा १६ मात्रा र दोस्रो पाऊ (पंक्ति) मा १२ मात्रा हुनुपर्ने ‘ललित’ छन्दको लक्षण हो । यसलाई ‘हरिगीति’ नामले पनि पुकारिन्छ । यसका दोस्रो पंक्तिमा १२ मात्रा हुन्छन् । कहीँ कहीँ ११ वा १२, १४ मात्रा पनि पुग्न जान्छन् । तर कवि भाव प्रवाहमा बगेपछि एक-दुई मात्राको तलमाथि पर्दैमा दोष मानिदैन ।

### ५.३.४ भावविधान

प्रस्तुत कविताको प्राणीमात्रको विवेकशील प्राणी मानव जगत्लाई सन्देशमूलक शिक्षा दिइएको छ । मानिसले सधैं हरेक काम गर्दा एउटा न एउटा लक्ष्य राखेर मात्रै अगाडि बढ्नु पर्छ । लक्ष्यविनाको मानिस बानर जस्तै हुन्छ भन्दै नीतिशास्त्रका माध्यमबाट महाभारतका पात्र अर्जुन, रामायणका रामचन्द्र आदिको सफलतापूर्ण निर्धारित लक्ष्यकै परिणाम हो भन्ने कुरा कवि पारसमणि प्रधानले व्यक्त गरेको देखिन्छ ।

यसरी यस कवितामा कुनै पनि मानिसले एउटा ठोस लक्ष्य लिएर मन यताउति नगरी एक चित्तले काम गर्दै गएमा भविष्यमा ठूलो मानिस हुन सकिन्छ र लक्ष्य विनाको मानिस त बाँनर जस्तै हुन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

### ४.३.५ अलङ्कारविधान

प्रस्तुत कविता पारसमणि प्रधानद्वारा लिखित लक्ष्य कविता विशेषतः अन्त्यानुप्रास एवं शब्दालङ्कार हो । उदाहरणको निम्ति अन्त्यानुप्रासपूर्ण पंक्तिहरुलाई लिन सकिन्छ ।

बढ्छ । चढ्छ (२/४)
काम । नाम (६/८)
हुन्छ । हुन्छ (१०/१२)
गर्छ । मर्छ (१४/१६)
हुन्छ । हुन्छ (१८/२०)
हुन्छ । हुन्छ (२२/२४)

### ४.३.६ शब्दभण्डार

कवि पारसमणि प्रधानद्वारा लिखित लक्ष्य कवितामा विभिन्न शब्दवर्गका गरी जम्मा ८८ छ । कवितालाई मिठास भर्न कविले तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरेका छन् । जुन निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ ।

| तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|
| निश्चय, बानर | मानिस, काम | माफिक, धीत |
| लक्ष्य, उन्नति | | धोको |
| पथ, शक्ति, कार्य | | |
| सफल, मनोरथ | | |
| चित्त, नाम, मन | | |

त्यस्तै शब्दवर्गका दृष्टिले नाम शब्दहरुमा - जग, निश्चय, लक्ष्य, उन्नति, पथ, कार्य, मनोरथ आदि ।

क्रियाविशेषण - खालि

विशेषण - सफल, धीत

### ४.३.७ दृष्टिविन्दु

कवि पारसमणि प्रधानद्वारा लेखिएको लक्ष्य कवितामा हरेक मानिसले एउटा ठोस लक्ष्य लिएर मन यताउति नगरी एक चित्तले काम गर्दै गएमा भविष्यमा ठूलो मानिस हुन सकिन्छ र लक्ष्य विनाको मानिस त बाँदर जस्तै हुन्छ भन्दै कविले तृतीय पुरुषात्मक शैलीको प्रयोग गरेका छन् ।

## ४.४ राष्ट्रभावनाको गीत

### ४.४.१ शीर्षकविधान

प्रस्तुत कविता 'रष्ट्रभावनाको गीत' कवि शिरोमणी लेखनाथ पौड्यालद्वारा रचना गरिएको एक उत्कृष्ट कविता हो । यस कवितामा कविले नेपाल एक स्वर्गतुल्य राष्ट्र हो । जहाँ जन्मिएर खाए खेली गरी अटल हिमालको छहारीमा सम्पूर्ण नेपाली हुर्की रहेका छन् । यस देशको हावापानी शीतल छ र यहाँका झरनाहरु शिव-गौरीझैं स्वच्छ र प्रसिद्ध भएर बहेका छन् । यहाँका सम्पूर्ण क्षेत्रमा हरियाली छाएको छ । जहाँ पुर्खाहरुले पसिना बगाएका थिए ।

नेपाल जन्मदै स्वतन्त्र राष्ट्रको रुपमा रही विश्वलाई नै शान्तिको सन्देश प्रवाह गरिरहेको छ । कविका अनुसार हाम्रो देश नेपालका वनजङ्गलहरु सधैं हरियाली बनीरहनुमा पुर्खाको मेहेनत र पसिना बगेका छन् । नेपाल जन्मदेखिनै स्वतन्त्र रहदै विश्वभरी नै शान्तिको विगुल बजाउँदै विश्वमा अग्रसर भएको देखाउँदै नेपालका सम्पूर्ण जातिहरु हँसिलो भई बाँचिरहने साझा फूलवारीका रुपमा प्रस्तुत गर्दै कविले शब्द-शब्दमा नेपाल राष्ट्र र नेपाली राष्ट्रियतामा जोड दिएर कविताको शीर्षक सार्थक देखिन्छ ।

### ४.४.२ संरचना पक्ष

प्रस्तुत पाठको यस गीतमा हाम्रो देशको महिमा बढाउन प्रकृतिले हिमाल, शीतल हावापानी कृषियोग्य वनजङ्गल सिर्जना गरिदिएकी छिन् र यो देशलाई बनाइराख्नु हाम्रा पुर्खाहरुले पनि आफ्नो अमूल्य पसिना चुहाएका छन् ।

यो कविता 'सम' मात्रिक छन्दमा अन्तर्मुक्त चौपाइ नै परेको मानिन्छ । यसरी ४, ४ हरपहरुका ४ श्लोकमा विभाजित प्रस्तुत कविता १६ पंक्तिहरुमा पूर्ण भाव भएको रचना हो ।

### ४.४.३ छन्दविधान

यो कविता कवि शिरोमणि लेखनथ पौड्यालको रचना हो । यस कवितामा सबै चरणमा १६ मात्रा हुने पदान्तमा विश्राम हुने चौपाई छन्दमा पर्छ । कहीँ कतै मात्रा घटीबढी भए पनि कविता 'सम' मात्रिक छन्दमा अन्तभुर्क्त चौपाई नै परेको मानिन्छ ।

### ४.४.४ भावविधान

कवि शिरोमणी लेखनाथ पौड्यालद्वारा रचित राष्ट्र भावनाको गीत एक उत्कृष्ट कविता हो । कवितामा नेपाललाई सुन्दर शान्त र अटल राष्ट्रको रुपमा वर्णन गरिएको छ । यहाँका हावापानी अत्यन्तै शीतल छ भन्ने देखाइएको छ । हिमालको काखमा अवस्थित राष्ट्र नेपालमा शिव-गौरीको वासस्थान हरियाली वनजङ्गलको वैभवताको वर्णन गरिएको छ । साथै हाम्रा नेपाली पुर्खाहरु मेहेनती स्वभाव र शान्तिका पुजारी राष्ट्रका रक्षक भई अटुट रुपमा विश्वमा नेपालको स्वतन्त्रतालाई बचाइ नेपाली राष्ट्रिय चिन्तनले ओतप्रोत छ ।

यस गीतमा हाम्रो देशको महिमा बढाउन प्रकृतिले हिमाल शीतल, हावापानी, कृषि योग्य वनजङ्गल सिर्जना गरिदिएकी छिन् र यो देशलाई बचाइराख्न हाम्रा पुर्खाहरुले पनि आफ्नो अमूल्य पसिना चुहाएका छन् भन्ने भावना व्यक्त गरिएको छ ।

### ४.४.५ अलङ्कार विधान

कवि लेखनाथ पौड्यालद्वारा रचित कविताको भाषा भाषा प्रयोग र शैलीको मुख्य विशेषता अनुप्रास वा शब्दअलङ्कार हो । उदाहरणको निम्ति अन्त्यानुप्रासपूर्ण पंक्तिहरुलाई लिन सकिन्छ ।

नेपाल । हिमाल (२/४)

मुस्कान । वासस्थान (६/८)

लहराएको । भिजाएको (१०/१२)

पुजारी । फूलबारी (१४/१६)

### ४.४.६ शब्दभण्डार

कवि लेखनाथ पौड्यालद्वारा रचित राष्ट्रभावनाको गीत कवितामा विभिन्न शब्दवर्गका गरी जम्मा ५४ शब्द रहेका छन् । शब्दस्रोतका दृष्टिले शब्दहरुलाई तालिकामा देखाइएको छ ।

| तत्सम | तद्भव | आगन्तुक | ठोस |
|---|---|---|---|
| अचल | पानी, हरियाली | खातिर | झरना |
| मधुर, वैभव | पुर्खा, जुनि | हावा | फूलवारी |
| पौरुष, स्वतन्त्रता | पुजारी, रसिलो | मुस्कान | |
| गौरवधारी, वासस्थान | हँसिलो | पसिना | |
| शीतल, कृषि | | | |
| शान्ति | | | |

त्यस्तै शब्दवर्गका दृष्टिले नाम शब्दहरुमा - वासस्थान, वैभव, स्वतन्त्रता, गौरवधारी

विशेषण - अचल, पौरुष

### ४.४.७ दृष्टिविन्दु

कवि शिरोमणि लेखनाथ पौड्यालद्वारा रचना गरिएको यस राष्ट्र भावनाको गीतमा हाम्रो देशको महिमा बढाउन प्रकृतिले हिमाल, शीतल, हावापानी कृषियोग्य वनजङ्गल सिर्जना गरिदिएकी छिन् र यो देशलाई बचाइराख्न हाम्रा पुर्खाहरुले पनि आफ्नो अमूल्य पसिना चुहाएका छन् भन्दै कविले तृतीय पुरुषात्मक शैलीको प्रयोग गरेका छन् ।

## ४.५ आमा

### ४.५.१ शीर्षकविधान

युगकवि सिद्धिचरण श्रेष्ठद्वारा लेखिएको 'आमा' कवितामा कविले आमालाई यस संसारमा जन्म दिने महान् जननीका रुपमा चर्चा गरेका छन् । निस्वार्थ भावले हरेक आमाहरुले आ-आफ्ना सन्तानलाई समान ढङ्गले माया दिने कुराको चर्चा गरेका छन् । यसरी आमाले सन्तानप्रति माया ममता दिए पनि हरेक सन्तानले बदलामा केही दिन सक्दैनन् र संसारमा असल सन्तानको रुपमा नाम फैलाउनु नै आमाप्रति सच्चा प्रेम हुन सक्ने कुरा देखाइएको छ । छोराले आमाप्रति गर्नुपर्ने दायित्वलाई वर्णन गरिएको छ । साथै आमा भन्ने शब्दलाई प्रतिकात्मक रुपमा लिएर कविले एउटा असल नागरिकले देशप्रति गर्नुपर्ने कर्तव्यलाई समेत बोध गराइएको देखिन्छ ।

### ४.५.२ संरचनापक्ष

युगकवि सिद्धिचरण श्रेष्ठद्वारा लिखित यस कविताको माध्यमबाट आमाको महिमागान प्रस्तुत गरेका छन् । आमाले नै हरेक सन्तानको प्राण भर्ने, जन्म दिने र स्याहार सुसार गरी हुर्काउने हुनाले आमाको प्रेम भावना कति पनि स्वार्थ नहुने देखाइएको छ । ज्ञानको पहिलो मुहान आमा नै हुनाले जति वर्णन गरेपनि आमाको प्रसंशा कमी नै हुन्छ । आमाका असंख्य गुणहरुको वर्णन गरेर पनि नसकिने कविले देखाएका छन् ।

'इन्द्रवज्रा' छन्दमा लेखिएको प्रस्तुत कवितामा ४, ४ हरपहरुका जम्मा ४ श्लोक रहेका छन् ।

### ४.५.३ छन्दविधान

आमा कविता युगकवि सिद्धिचरण श्रेष्ठको रचना हो । यो कविता तगण, तगण, जगण, गुरु (ततजगु) लक्षणमा पर्छ । जो 'इन्द्रव्रजा' छन्दमा पर्छ । कविताको तेस्रो श्लोक असंख्य …………… कहलाउने छ । चाँहि 'उपजाति'

छन्दमा परेको पाइन्छ । एउटै जातिका दुईवटा छन्दको मिलन भएमा उपजाति छन्द बन्छ । मूलतः सम्पूर्ण कविता ‘इन्द्रव्रजा’ छन्दमा पर्छ ।

### ४.५.४ अलङ्कार विधान

यस आमा कवितामा शब्दअलङ्कार र अर्थ अलङ्कारको प्रयोग भएको पाइन्छ । यो कवितामा लयात्मक माधुर्य पाइनुको कारणले कविता अझ बढी मिठो बन्न पुगेको छ । यस कवितामा निम्न पंक्तिहरुमा अन्त्यानुप्रास पाइन्छ ।

मलाई १ । मलाई २

अपार ३ । बारबार ४

प्रेमधारा ५ । सहारा ६

सजाउनेछु ९ । कहलाउनेछ १०

बनाइदिन्छु ११ । हँसाइदिन्छु १२

### ४.५.५ शब्दभण्डार

प्रस्तुत कवि सिद्धिचरण श्रेष्ठद्वारा लिखित ‘आमा’ कवितामा शब्द संख्या ७१ छ । शब्दस्रोतका दृष्टिले शब्दहरुलाई तल देखाइएको छ ।

| तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|
| महिमा, सुयोग्य | बारबार | हर्दम्, सहारा |
| अपार, दान | कुरा | सारा |
| उच्च, प्रेमधारा | सपूत | |
| नाम, जन्म, प्राण | | |
| संसार, रानी | | |
| पुत्र | | |

त्यस्तै शब्दवर्गका दृष्टिले नाम शब्दहरुमा - दान, महिमा, सपूत, प्रेमधारा

विशेषण शब्दमा - अपार, सुयोग्य, उच्च

### ४.५.६ दृष्टिविन्दु

युगकवि सिद्धिचरण श्रेष्ठद्वारा लेखिएको 'आमा' कवितामा आमाको महिमालाई बडो सरल ढङ्गबाट व्यक्त गरिएको छ । यस कवितामा छोराले आमाप्रति गर्नुपर्ने दायित्वलाई वर्णन गरिएको छ साथै 'आमा' भन्ने शब्दलाई प्रतिकात्मक रुपमा लिएर कविले असल नागरिकले देशप्रतिको कर्तव्यलाई बोध गराइएको छ । कविले 'आमा' तिमी भनी स्त्रीलिङ्गी द्वितीय पुरुष एक वचनको प्रयोग गरी लेखिएको पाइन्छ ।

### ४.५.७ भावविधान

प्रस्तुत पाठमा आमाको महिमालाई सरल ढङ्गबाट व्यक्त गरिएको छ । हरेक आमाले आफ्ना सन्तानप्रति गर्ने माया ममतामा समान व्यवहार हुने गर्दछ भन्ने देखाइएको छ । त्यस्तै आमाको गुण र मायाममताका बदलामा हामी प्रत्येक सन्तानले ज्ञानी, आज्ञाकारी र कर्तव्यनिष्ठ भई काम गरेमा मात्रै आमाको निस्वार्थ प्रेम साकार हुन्छ । यस कवितामा छोराले आमाप्रति गर्नुपर्ने दायित्वलाई वर्णन गरिएको छ । साथै 'आमा' भन्ने शब्दलाई प्रतीकात्मक रुपमा लिएर कविले एउटा असल नागरिकले देशप्रतिको कर्तव्यलाई बोध गराइएको छ ।

## ४.६ नौलाख तारा

### ४.६.१ शीर्षकविधान

दुई नाम शब्दद्वारा लिखित 'नौलाख तारा' कविताको शीर्षक नौ र लाख समस्त शब्द मिलेर बनिएको देखिन्छ भने अर्को नामपद तारा जोडिएर नौलाख तारा बनिन पुगेको छ । यस कवितामा कविले आकाशमा देखिने तारागणहरुको विशेष रुपमा चर्चा गरेका छन् । रातको समयमा आकाश नै ढाकिने गरी ताराहरु आइदिऊन् र सिङ्गो धर्तीलाई नै सिंगारी दिन आग्रह गरिएको छ । ताराहरुको उज्यालोले हिमालपारीका भूभागहरु समेत सजाइ दिन्छन् र फूलका ढकमक्क थुँगाले झैं तारामण्डलले पनि सिङ्गो धर्तीलाई प्रकाश छरिदिएर हँसिलो र चम्किलो बनाउने हुँदा कविताको शीर्षक अत्यन्त सार्थक बन्न पुगेको देखिन्छ ।

### ४.६.२ संरचना पक्ष

कवि दैवज्ञराज न्यौपानेले 'नौलाख तारा' कविताको माध्यमबाट आकाशमा चम्किने तारामण्डलको चर्चा गरेका छन् । साँच्चै नै कविले रातको समयमा घरको आँगनमा निस्केर आकाशको अवलोकन गरेमा पृथ्वी र वायुमण्डललाई नै घुम्टो ओडेर बसेर बादललाई समेत चुनौती दिदै आफ्ना किरणहरु पृथ्वीको हरेक स्थानमा छर्न सफल भएको छ । सिङ्गो धर्तीलाई नवदुलही झै सिंगार्न सफल बन्नु ताराहरुकै किरणले हो भन्ने कुरा यहाँ विशेष रुपमा चर्चा गरिएको छ । अर्को तर्फ यस कवितामा ताराहरुलाई सूर्यको रश्मि किरणसँग तुलना गरेर तारा मण्डलको महत्त्व र शक्तिको चर्चा गरिएको छ ।

प्रस्तुत कविता 'घँसिया गीत' छन्दमा पर्छ । ५ श्लोकमा आवद्ध प्रस्तुत कविताका प्रत्येक श्लोकमा ४, ४ हरपहरुमा जम्मा २० पंक्ति रहेको पाइन्छ ।

### ४.६.३ भावविधान

'नौलाख तारा' कवितामा कविले ताराहरुको शक्ति कहाँ कहाँ र कतिसम्म हुने गर्छ भन्ने कुरा देखाइएको छ । तारामण्डलको प्रकाशले प्रकृति र वाह्य जगत्मा एकैसाथ लागेको बाक्लो कुइरो समेतलाई चिर्दै हिमाल, पहाड अनि तराईका फँटसम्म पनि एकरुपताका साथ सूर्यलेझैं प्रकाश दिने गर्छ । यही प्रकाशमै हाम्रो सारा जगत सिँगारिने हुँदा हामी मानव जातिले समेत प्रसंशा गर्नुपर्छ । साथै कविले बालबालिकालाई ताराको उपमा दिएर देशलाई विकास गर्न, देशलाई सिँगार्न आह्वान गरिएको छ । माटोप्रतिको दायित्वलाई हृदयङ्गम गरी देशलाई उज्यालो पार्नुपर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

### ४.६.४ अलङ्कार विधान

कवि दैवज्ञराज न्यौपानेद्वारा लिखित 'नौलाख तारा' कवितामा अन्त्यानुप्रास एवं शब्दअलङ्कारको प्रयोग भएको पाइन्छ । यस कवितामा लयात्मक माधुर्य पाइनुले कविता अझ बढी मीठो हुन पुगेको छ ।

होइदेऊ । छोइदेऊ (२/४)

छायामा । मायामा (६/८)

भर्नलाई । गर्नलाई (१०/१२)

पारिका । बारीका (१४/१६)

भरिदेऊ । छरिदेऊ (१८/२०)

### ४.६.५ शब्दभण्डार

कवि दैवज्ञराज न्यौपानेद्वारा लिखित नौलाख तारा कवितामा शब्द संख्या ७१ रहेको छ । शब्दस्रोतका दृष्टिले शब्दहरुलाई तलको तालिकामा देखाइएको छ ।

| तत्सम | तद्भव | आगन्तुक | झर्रो |
|---|---|---|---|
| किरण, शीत, नौलो | धरती, सपनी | बादलु | नौलो |
| तारा, छाया, आकाश | हिमाल, उज्यालो | डाक | जुन |
| माया, ज्योति | | | झिलमिल, थुँगा |
| | | | कोसेली, बारी |

त्यस्तै नाम शब्दहरुमा - थुँगो, कोसेली, शीत, तारा, बादल, किरण, डाक

विशेषण - नौलो

### ४.६.६ दृष्टिविन्दु

कवि दैवज्ञराज न्यौपानेद्वारा लेखिएको नौलाख तारा कवितामा कविले आकाशमा देखिने तारागणहरुको विशेष रुपमा चर्चा गरेका छन् । रातको समयमा आकाशनै ढाकिने गरी ताराहरु आइदिऊन् र सिङ्गो धर्तीलाई नै सिँगारी दिन आग्रह गरिएको छ । तसर्थ कविले नौलाख तारा भनी तृतीयपुरुष वहुवचनको प्रयोग गरी लेखिएको पाइन्छ ।

### ४.५.७ छन्दविधान

'नौलाख तारा' गीति कविता कवि तथा गीतकार दैवज्ञराज न्यौपानेद्वारा रचिएको हो । यो गीतिकविता लोकगीतका लयमा आधारित छ ।

मेलापात, पँधेरा, वन-जङ्गल, डँडा-काँडा, भञ्ज्याङ, नदी-नाला र फाँटवारी सबैतिर समान रुपले चम्किने लोक साहित्यको यो विधा निकै विस्तृत मनोरञ्जक र सरल हुनाले ज्यादै लोकप्रिय बन्न पुगेको छ ।

उपर्युक्त उक्ति अनुसार यो रचना 'घँसिया गीति' छन्द अन्तर्गत पर्दछ ।

**सारांश**

सामान्यतया ६ वटा कविताका पाठहरुलाई हेर्दा शीर्षक सार्थक देखिन्छन् । शब्दभण्डारको अध्ययन गर्दा कवितामा प्रयुक्त आवृति भएका शब्दलाई समेत हेरिएको छ । जम्मा शब्दहरुको संख्या ४७५ रहेको पाइन्छ । तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दहरुको समावेश गरिएको पाइन्छ । तत्सम शब्दहरुको प्रयोग बढी पाइन्छ । त्यस्तै दृष्टिविन्दुलाई हेर्दा कुनै कवितामा द्वितीय पुरुषात्मक शैली र कुनै कवितामा तृतीय पुरुषात्मक शैलीको प्रयोग पाइन्छ । अलङ्कार विधानलाई हेर्दा सबै कवितामा शब्दालङ्कारको प्रयोग पाइन्छ । ६ वटा कविताको छन्दविधानलाई हेर्दा सबै कवितामा फरक-फरक छन्दको प्रयोग पाइन्छ ।

# परिच्छेद-पा"च

# नमुना अभ्यासको अध्ययन

## ५.१ प्रयोजन अनुरुपताका दृष्टिले नमुना अभ्यासको विश्लेषण

पाठ्यक्रमका उद्देश्य पूर्ति गर्न भाषा पाठ्यपुस्तकमा पाठहरु समावेश गरिएको हुन्छ । पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरुभन्दा ती पाठका आधारमा गराइने अभ्यास महत्त्वपूर्ण हुन्छ । भाषा पाठ्यपुस्तकको मूल पाठको पछाडि दिइएका अभ्यासलाई नमुना अभ्यास भनिन्छ । अभ्यासबाट सिकाइलाई प्रभावकारी रुपमा सञ्चालन गर्न, भाषिक सीपको विकास गर्न मद्दत मिल्दछ । त्यसैले भाषा पाठ्यपुस्तकमा सबभन्दा महत्त्वपूण स्तम्भ नमुना अभ्यास हुन आउँछ । भाषिक नमुना अभ्यासले शिक्षक र शिक्षार्थी दुबैका लागि निर्देशनको काम गर्दछ । ती अभ्यासहरु विधा एवं उपलब्धिहरुको प्रयोजन एवं कार्य अनुरुपका हुनुपर्छ । भाषा पाठ्यपुस्तकमा राखिएका पाठहरु शब्द चयनले स्तर अनुरुप भए पनि अभ्यासको प्रयोग गरिएन भने पाठ्यक्रममा राखिएका उद्देश्य र भाषिक सीप प्राप्त हुँदैन । भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास राख्ने आधार पाठ्यक्रमका उद्देश्यहरु प्राप्त गर्नु, भाषिक कुशलताको विकास गर्नु, विषयवस्तु सम्बन्धि बोध गराउनु आदि हो । पाठका अन्त्यमा दिएका नमुना अभ्यासबाट भाषिक आधारमा भाषिक अभ्यासहरुको सिर्जना गरेर अभ्यास गराउन शिक्षकलाई आधार बन्दछ । अन्य विषयका अभ्यासभन्दा भाषा पाठ्यपुस्तकमा राखिएका अभ्यासहरु धेरै उपयोगी र महत्त्वपूर्ण हुन्छन् । शिक्षकलाई निर्देशन र शिक्षकले नीति निर्देशन दिएर विद्यार्थीहरुले केही पनि सिक्न सक्दैनन् ।

पाठको अन्त्यमा दिइएका अभ्यासबाट भाषिक सीप लगायत पाठ्यक्रमका उद्देश्यहरु पूर्ति गर्नु आवश्यक हुन्छ । नमुना अभ्यास कविताका मूल पाठहरुसँग मेल खाने हुनुपर्छ । अभ्यासमा विविधता हुनुपर्छ । भाषिक सीप लगायत उद्देश्यहरु प्राप्त गर्न सक्ने स्पष्टता नमुना अभ्यासमा हुनुपर्छ । कवितामा राखिएका अभ्यासहरु विद्यार्थीहरुमा अभिरुचि वृद्धि गर्न सक्ने खालका समाविष्ट हुनुपर्छ ।

नमुन अभ्यासका प्रश्नहरु कण्ठस्थ, बोध प्रयोगात्मक र सिर्जनात्मक किसिमका कक्षाको स्तर अनुसार छनौट गरेर राखिनुपर्छ । कविता पढेर त्यसमा दिइएका अभ्यासका प्रश्नहरुले केही मात्रामा भए पनि भाषिक सीपमा सहयोग पुऱ्याउँछन् । व्याकरण धारणाको विकास गर्न र सिर्जनात्मक कविता लेखनको विकास गर्नमा पनि अभ्यासले मद्दत पुऱ्याउँछ । अभ्यासमा विवेचनात्मक, संक्षिप्त उत्तरात्मक र वस्तुगत प्रश्नहरु राखिएका हुन्छन् । यस्ता किसिमका प्रश्नहरुबाट कविता पढेर विभिन्न कोणबाट कविताको विश्लेषण गर्नुका साथै व्याकरणका कोटीहरुको पहिचान गर्न सकिन्छ । यसले शिक्षण कार्यलाई प्रभावकारी बनाउन मद्दत गर्छ ।

कविताले विषयवस्तुलाई भावात्मक गहिराइमा पुऱ्याउनका अतिरिक्त मानवीय मूल्य, मर्म र चिन्तनसँग परिचित हुने अवसर दिंदै जीवनलाई निराशापनबाट मुक्त गरी रसिक बनाउन पनि सहयोग पुऱ्याउँछ । कवितामा विम्व, प्रतीक, लय आलङकारिक प्रयोग आदि कुराहरु पाइन्छन् । नमुना अभ्यासमा कविताको गति, यति लय मिलाएर सस्वर वाचन गर्न लगाउनाले कविता प्रति विद्यार्थीहरुको रुचिमा अभिवृद्धि हुन्छ । विद्यालय स्तरीय पाठ्यपुस्तकमा राखिएका कवितामा छन्दको प्रत्यक्ष रुपमा ज्ञान गराउने उद्देश्य नराखिएको भए पनि यसलाई छन्दका साथै भावबोधका लागि ज्यादै उपयोगी विधाका रुपमा लिइन्छ ।

कविता गद्यात्मक र पद्यात्मक दुवै किसिमका भए पनि विद्यालय तहमा राखिएका कविता चाँही पद्यात्मक नै बढी भएकोले त्यसैका आधारमा भाषा शिक्षण गराइएमा भाषिक क्षमता तथा कविता आस्वादन गर्ने क्षमताको समेत विकास हुन्छ । त्यसो भएकोले यसको मुख्य प्रयोजन कवितात्मक आस्वादन गराउने, लयवद्ध वाचन गराउने, भावबोध गराउने र कविताप्रति अभिरुचि बढाउने, शुद्ध उच्चारण गराउने हो ।

कविता विधाको उक्त स्वरुप अनुसार यसमा समाविष्ट नमुना अभ्यासमा निम्नानुसार सीपहरुको निर्वाह हुनु यसको प्रयोजन हो ।

### ५.१.१ गति, यति र लयबोध

वाचनको क्रममा आनन्द प्राप्ति गराउने राम्रो, सुन्दर साङ्गीतिक लय, आरोह र अवरोह भएको विधा कविता हो । कविता शिक्षण गर्दा गति, यति र लय मिलाई वाचन गरिन्छ । यस क्रममा गति, यति र लयले मनलाई आनन्दित बनाउने हुनाले बालबालिकालाई पढाइप्रति अभिप्रेरित गर्न सहयोग पुग्छ । त्यसैले गति, यति र लय शुद्ध उच्चारणसँग सम्बद्ध गराई शिक्षण गर्नुपर्छ । कविताको मूल मर्म लयमा रहेको हुनाले लयबद्ध वाचन यसको मूलभूत उद्देश्य हो ।

### ५.१.२ भावबोध

भावबोधले भन्न खोजिएको विषयलाई विस्तृत रुपमा वर्णन गर्नु भन्ने बुझिन्छ । कवितामा भएका अंशको भावले कविताले दिन खोजेका सन्देश प्राप्त गर्न सक्नुपर्छ । त्यस्ता कविताका अंशहरु प्रशस्त समावेश गरिनुपर्दछ । जसले प्रश्नका माध्यमबाट कविताको भाव पहिल्याउन प्रेरित गरोस् । त्यसैले कविताको महत्त्वपूर्ण अङ्ग भावबोध हो ।

### ५.१.३ शब्दार्थ

कविताको भाव स्पष्ट पार्ने क्रममा त्यहाँ प्रयुक्त शब्दहरुको अर्थ खुलाउनु राम्रो हुन्छ । शब्दले दिने सन्दर्भगत अर्थ र कवितामा त्यसको महत्त्वका बारेमा खुलस्त पारिएन भने त्यसको औचित्य रहँदैन । त्यसैले कवितामा शब्दार्थको महत्त्वपूर्ण स्थान रहन्छ ।

सामान्यतया प्रश्नहरु मूल्याङ्कनात्मक र अभ्यासात्मक दुई प्रकारका हुन्छन् । भाषिक क्षमताको मापन गर्न उपयोग गरिने प्रश्नहरु हुन्छन् । यसको उद्देश्य निर्धारित मापदण्डका आधारमा कुनै विद्यार्थीहरुलाई माथिल्लो तहमा उकास्ने वा नउकास्ने भन्ने हुन्छ । तर अभ्यासात्मक प्रश्नको प्रयोजन ठिक विपरित निरन्तर रुपमा कक्षामा चलिरहने प्रक्रिया हो ।

यसले शिक्षक तथा विद्यार्थी दुवै थरीलाई क्रियाशील बनाइन्छ । पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासले विद्यार्थीहरुले के सिके, कति सिके, कहाँ

सिके आदि जानकारी गराउँछ । विद्यार्थीहरुलाई नमुना अभ्यासले उनीहरुमा कमि कमजोरीहरु पत्ता लगाई त्यसको निराकरणका लागि सहयोग गर्नुपर्दछ । त्यसैले पाठ्यपुस्तकमा नमुना अभ्यास समावेश गरिएको हुन्छ ।

उपर्युक्त आधारमा हेर्दा निर्दिष्ट पाठ्यपुस्तकहरुको नमुना अभ्यासमा समाविष्ट कविता विधाका अभ्यासहरु यसप्रकार पाइन्छ ।

पाप लाग्छ कवितामा भावबोध सम्बन्धि कुनै पनि पङ्तिय श्लोक राखिएको पाइदैन साथै शुद्ध उच्चारणका निम्ति पनि कुनै पनि प्रश्नहरु राखिएको पाइदैन ।

गाउँछ गीत नेपाली कवितामा भावबोधसँग सम्बन्धित ४ पङति राखिएको छ भने शुद्ध उच्चारण गर्न भनेर कुनै पनि प्रश्न राखिएको छैन ।

लक्ष्य कवितामा भावबोधसँग सम्बन्धित प्रश्नहरु र शुद्ध उच्चारणसँग सम्बन्धित प्रश्नहरु पनि राखिएको पाइदैन ।

राष्ट्रभावनाको गीत कवितामा भावबोध र शुद्ध उच्चारणसँग सम्बन्धित कुनै पनि प्रश्नहरु पाइदैन ।

आमा कवितामा पनि भावबोध र शुद्ध उच्चारणसँग सम्बन्धित कुनै पनि प्रश्नहरु पाइदैन ।

नौलाख तारा कवितामा पनि भावबोधसँग सम्बन्धित प्रश्नहरु राखिएको पाइदैन त्यस्तै शुद्ध उच्चारणको लागि पनि प्रश्नहरु छैन ।

कविता विधाका अभ्यासमा समावेश भएका नमुना अभ्यासहरुलाई समग्रमा केलाउँदा र सबै अभ्यासहरुबीच कविता विधाको प्रयोजन अनुरुपता दर्साउन सकेको पाइदैन । यस्ता अभ्यासले भाषिक सीपका विभिन्न उपलब्धि हासिल गराउन सहायता पुग्दैन । अभ्यासमा कविताको भाववोधकका लागि कम्तिमा पनि ३/४ पङ्तिहरु राखिनुपर्छ । यस किसिमका अभ्यासहरु थपिनु पर्दछ ।

शुद्ध उच्चारणका निम्ति ६ वटा कवितामा एउटामा पनि अभ्यास राखिएको पाइदैन । प्राथमिक तहमा छन्दको त्यति परिभाषित गर्नुपर्दैन तर पनि गद्य र पद्यमा दिएका कविता नै दुबैको ज्ञान दिलाउने हुँदा पाठ्यपुस्तकमा समावेश रहेको

पाइन्छ । पाठ्यपुस्तकका लयबद्ध वाचनका निम्ति गति, यति र लय हालेर पढ्ने अभ्यासहरु राखिनु पर्दथ्यो । यस्ता खालका लयवाचन सम्बन्धि अभ्यासहरु थपिनु पर्ने देखिन्छ ।

## ५.२ नमुना अभ्यासका विविधता

नमुना अभ्यासमा विभिन्न किसिमका प्रश्नहरु र समस्याहरु समावेश गरिएका हुन्छन् । कुनै विषयवस्तुमा आधारित प्रश्न र समस्या हुन्छन् भने कुनै भाषिक सीपमा आधारित हुन्छन् । अन्य विषयका तुलनामा भाषा विषयका नमुना अभ्यास फरक हुने भएकोले यसमा समावेश गरिने प्रश्नहरु पनि फरक हुनु स्वभाविक हुन्छ । भाषाशिक्षणको उद्देश्य भाषाका चारवटै सीपको विकास गराउनु हो । त्यसैले एकै प्रकारका प्रश्नहरुबाट यो सम्भव हुँदैन । भाषा पाठ्यपुस्तकका पाठहरुमा मुख्यतः भाषिक सीपको प्रकृतिको आधारमा अभ्यासमा पनि विभिन्न प्रकृतिका प्रश्नहरु समावेश गरिएको पाइन्छ । तिनीहरु निम्नअनुसार चर्चा गरिन्छ ।

### ५.२.१ निबन्धात्मक प्रश्न

विद्यार्थीको विषय प्रतिको ज्ञान, विषयको अभिव्यक्ति मौलिकता विश्लेषण, क्षमता, आलोचना, समालोचना आदिको मूल्याङ्कन गर्ने उद्देश्यले बनाइएका प्रश्नलाई निबन्धात्मक प्रश्न भनिन्छ । यो विस्तृत र स्वतन्त्र रुपमा उत्तर दिने प्रश्नको प्रकार हो । यसमा प्रश्नको उत्तर निबन्धजस्तै लामो हुने हुनाले यसलाई निबन्धात्मक प्रश्न वा लामो उत्तर आउने प्रश्न भनिएको हो । यसमा विद्यार्थीहरुलाई आफ्नो विचारको संगठन गर्ने, क्षमताको प्रदर्शन गर्नु र स्वतन्त्र अभिव्यक्ति गर्ने स्वच्छन्दता हुन्छ । निबन्धात्मक प्रश्नहरुबाट भाषिक सीप हासिल गर्न र विविध पक्षको एकैसाथ उपयोग गर्न सकिने हुनाले निबन्धात्मक प्रश्नको नमुना अभ्यासमा ठूलो योगदान रहेको हुन्छ ।

### ५.२.२ सङ्क्षिप्त उत्तरात्मक प्रश्न

प्रश्नहरुको उत्तर छोटो सरल तथा स्पष्ट तरिकाले लेख्नुपर्ने प्रश्नलाई छोटो उत्तरात्मक प्रश्न भनिन्छ । यो निबन्धात्मक र वस्तुगत प्रश्नका बीचको प्रश्न हो ।

भाषा पाठ्यपुस्तकको नमुना अभ्यासमा प्रयुक्त सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरु लिखित तथा मौखिक दुवै प्रयोजनका लागि उपयोगी ठानिन्छन् । सामान्यतया यस्ता प्रश्नहरुका उत्तरहरु एक शब्द वा वाक्यदेखि लिएर अधिकमा एक अनुच्छेदसम्मका हुन सक्ने हुनाले उत्तरगत दृष्टिले प्रश्नमा विभिन्नता हुनु स्वभाविक छ । अधिकारी (२०५०:२१४)

यस्ता प्रश्नहरु अर्थग्रहण, रचनाबोध, शब्दप्रयोग आदिमा बढी उपयोगी हुने हुनाले कविताका पाठहरुमा समेत कुनै पङ्ति वा श्लोकको भाव विस्तार व्याख्या आदि अभ्यासका लागि उपयोगी हुन्छन् । प्राथमिक तहमा पनि यस्ता खालका प्रश्नहरु समावेश गरिएका पाइन्छन् ।

### ५.२.३ वस्तुगत प्रश्न

लामो उत्तर लेखिरहन नपर्ने र ठिक उत्तर मात्र छनौट गरे पुग्ने प्रश्नलाई वस्तुगत प्रश्न भनिन्छ । (शर्मा २०५७:१६२) वस्तुगत प्रश्नहरुको सबभन्दा ठूलो विशेषता एक पल्टमा एउटा कुराको मात्र परिक्षण गर्नु हो । यस्ता प्रश्नहरु अभिव्यक्ति सीपको परिक्षणमा प्रत्यक्षतः उपयोगी ठानिदिदैन तर बोध उच्चारण, शब्दार्थ, शब्दप्रयोग, वर्णविन्यास र व्यकरणतत्त्वहरुको मुख्यतया पहिचानात्मक परिक्षणका लागि वस्तुगत प्रश्नहरु उपयोगमा ल्याउन सकिन्छ । (अधिकारी २०५०:२१५) प्राथमिक तहको पाठ्यपुस्तकमा कविता विधामा रहेको अभ्यासहरुमा यस्ता वस्तुगत प्रश्नहरु समावेश गरिएका हुन्छन् ।

## ५.३ नमुना अभ्यासमा समावेश गरिएका प्रश्नहरु

भाषा पाठ्यपुस्तकमा अभ्यासको महत्त्वपूर्ण भूमिका रहन्छ । जति बढी अभ्यास र पुनरावृति भयो त्यसबाट त्यति नै सफलता प्राप्त हुन्छ । त्यसका लागि विभिन्न प्रकृतिका अभ्यासहरुको आवश्यकता पर्दछ । त्यसकारण पाठ्यपुस्तकमा विभिन्न प्रकृतिका अभ्यासहरु राखिएका हुन्छन् । जसबाट पाठका उद्देश्यहरु पूर्तिका लागि सहयोग पुग्दछ ।

कविता विधाका नमुना अभ्यासमा दिइएका प्रश्नहरुलाई निम्नानुसार तालिकाबाट देखाइन्छ ।

| क्र.स. | पाठ | कण्ठस्थ | बोधात्मक | प्रयोगात्मक | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | पाप लाग्छ | १० | १२ | १४ | १ | |
| २. | गाउँछ गीत नेपाली | ११ | ८ | ३९ | १ | |
| ३. | लक्ष्य | १३ | ४ | ४८ | १ | |
| ४. | राष्ट्रभावनाको गीत | ७ | ५ | ३० | – | |
| ५. | आमा | ७ | ८ | १६ | १ | |
| ६. | नौलाख तारा | ५ | ५ | ३२ | – | |

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने पाप लाग्छ भन्ने पाठमा कण्ठस्थ १० वटा, बोधात्मक १२, प्रयोगात्मक १४, सिर्जनात्मक १ वटा गरी जम्मा प्रश्नहरुको संख्या ३६ रहेको पाइन्छन् ।

गाउँछ गीत नेपाली कवितामा कण्ठस्थ ११, बोधात्मक ८, प्रयोगात्मक ३९, सिर्जनात्मक १ गरी जम्मा प्रश्नहरुको संख्या ५९ रहेका पाइन्छन् ।

लक्ष्य कवितामा कण्ठस्थ १३, बोधात्मक ४, प्रयोगात्मक ४८, सिर्जनात्मक १ गरी जम्मा प्रश्नहरुको संख्या ६६ रहेको पाइन्छ ।

राष्ट्रभावनाको गीत कवितामा कण्ठस्थ १३, बोधात्मक ५, प्रयोगात्मक ३०, सिर्जनात्मक छैन गरी जम्मा प्रश्नहरुको ४८ रहेको पाइन्छ ।

आमा कवितामा कण्ठस्थ ७, बोधात्मक ८, प्रयोगात्मक १६, सिर्जनात्मक १ गरी जम्मा प्रश्नहरुको संख्या ३२ रहेको पाइन्छ ।

नौलाख तारा कवितामा कण्ठस्थ ५, बोधात्मक ५, प्रयोगात्मक ३२, सिर्जनात्मक छैन गरी जम्मा प्रश्नहरुको संख्या ४२ रहेको पाइन्छ ।

**सारांश**

पाठको अन्त्यमा दिएका नमुना अभ्यासबाट भाषिक सीप लगायत पाठ्क्रमका उद्देश्यहरु पूर्ति गर्नु आवश्यक हुन्छ । कविताका ६ वटा पाठलाई हेर्दा कण्ठस्थ, बोधात्मक, प्रयोगात्मक र सृजनात्मक अभ्यासलाई समावेश गरिएको पाइन्छ । कण्ठस्थमा ५६, बोधात्मक प्रश्नहरु ४२, प्रयोगात्मक प्रश्नहरु १६६ र सृजनात्मक प्रश्नहरु ४ वटा देखिन्छन् ।

# परिच्छेद - 5

# निष्कर्ष र सुझावहरु

## ६.१ निष्कर्ष

प्रस्तुत अध्ययन निर्दिष्ट पाठ्यपुस्तकमा समाविष्ट कविता विधामा केन्द्रित रहेको हुँदा पाठ्यपुस्तकको अन्य पक्षमा अध्येताले ध्यान दिइएको छैन । खास गरी भाषा पाठ्यपुस्तकमा भाषिक पक्ष नै महत्त्वपूर्ण भएता पनि समाविष्ट भएका विधा तथा उपविधा पनि उत्तिकै अर्थपूर्ण हन्छन् । अनुसन्धानका क्षेत्रमा विभिन्न विधाहरु द्यिमान भएता पनि यस अध्ययनमा भने वर्णनात्मक विधि नै मूल रुपमा अवलम्बन गरिएको छ । कविता विधामा मात्र केन्द्रित भएकाले कविताको सैद्धान्तिक चर्चा, कविताका संरचनागत विश्लेषण आदिमा प्रस्तुत अध्ययन सीमित रहेको छ । वर्तमान परिप्रेक्ष्यमा कुन तहको पाठ्यपुस्तकमा के कस्ता विधा तथा उपविधा समाविष्ट गर्दा समय सापेक्ष र सान्दर्भिक हुन्छ भन्ने कुरा आधिकारिक रुपमा तय भइनसकेको र त्यतिमात्र नभएर कुन उमेर समुहका विद्यार्थीलाई के कस्तो विषयवस्तु उपयुक्त हुन्छ भनेर अध्ययन भइनसकेको हुँदा यस्तो परिस्थितिबाट एक चरण मात्र भए पनि अघि सर्न प्रस्तुत अध्ययन सहायक हुन सक्छ ।

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित प्राथमिक तह कक्षा चारको मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कविता विधाको विश्लेषणात्मक अध्ययन शीर्षकको प्रस्तुत शोधकार्यबाट निम्नलिखित निष्कर्षमा पुग्न सकिन्छ ।

१. विद्यार्थीको स्तर तथा मनोवैज्ञानिक पक्षलाई ध्यनमा राखेर बनाइएको पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक निर्माणका लागि पाठहरु लिएका हुन्छन् । प्राथमिक तह कक्षा चारको मेरो नेपाली किताबमा पनि कथा, कविता, चिठी, प्रवन्ध, संवादारुपक आदि विधाहरु समाविष्ट छन् । यस आधारमा हेर्दा पुस्तकमा विधागत चयन उपयुक्त नै देखिन्छ । पाठ्यक्रमले तोके अनुसरका नैतिक, सामाजिक र प्रकृतिक गरी २/२ वटा उल्लेख गरिएको छ । पाठ्यपुस्तकमा पनि सोही अनुसार पालना भएको देखिन्छ ।

२. यस पाठ्यपुस्तकको पाठ्यभार ८ र पूर्णाङ्क १०० कायम गरिएको छ ।

३. कक्षा ४ को मेरो नेपाली पाठ्यपुस्तकमा पाठहरुको संख्या २२ र त्यसमध्ये ६ वटा पाठहरु कविताका रहेका छन् ।

४. प्राथमिक तहको कविता विधाबाट मुख्य रुपमा विद्यार्थीहरुलाई गति, यति र लय मिलाएर कविता वाचन गर्ने क्षमता हासिल गराउनुपर्ने हुन्छ । तथापि कविताका अभ्यासमा गति, यति र लय हाली पढ्ने बानीको विकास गर्ने अभ्यासहरु राखिएको पाइदैन ।

५. प्राथमिक तहका वालवालिकाहरुको दिमाग कलिलो भएको हुनाले उनीहरुले लामा कविताहरु सम्भिmरहन सक्दैनन् त्यसैले छोटा कविताहरु राख्न उपयुक्त हुन्छ । तथापि कक्षा चारका कतिपय पाठहरु (कोपिला, लक्ष्य) अन्य पाठको तुलनामा लामा देखिन्छन् ।

## ६.२ सुझावहरु

१. पाठ्क्रममा कक्षागत उद्देश्यहरु निर्धारण गरिनुपर्छ ।

२. पाठ्यभार शिक्षक निर्देशिकामा हुनुपर्छ तर शिक्षक निर्देशिकामा पनि अनुमानित घण्टी भनेर लेखिएको छ । घण्टी दिइएको छैन । त्यसमा उल्लेख गरिनुपर्छ अथवा सम्बन्धित निकायले ध्यान पुऱ्याउन जरुरी छ ।

३. प्रत्येक विधाका लागि अङ्क विभाजन गरिएको हुनुपर्छ ।

४. प्रत्येक विधाका उद्देश्यहरु पाठ्यक्रममा उल्लेख गरिनुपर्नेतिर पाठ्यक्रममा यस्तो विभाजन गरेको पाइँदैन यसतर्फ ध्यान पुऱ्याउनु जरुरी छ ।

५. शिक्षण विधिले स्पष्ट किटान भएको हुनुपर्छ ।

६. कविता विधाको क्रम सरलदेखि जटिल हुनुपर्ने देखिन्छ ।

७. तत्सम र तद्भव शब्दहरुको प्रयोग ठीक रुपमा दिनुपर्छ । कतिपय शब्दहरु विद्यार्थीको दैनिक व्यवहारमा प्रयोग नहुने खालका देखिएकाले तिनीहरुलाई सरल बनाउनुपर्ने देखिन्छ ।

८. पाठ्यपुस्तकमा राखिएका कतिपय कविताहरु लामा र जटिल पाइएकोले यसलाई ध्यान दिई विद्यार्थीको स्तर र रुचि अनुरुपका कविताहरु राख्नु उपयुक्त देखिन्छ ।

९. सिकाइका क्रममा महत्त्वपूर्ण हुने शिक्षणीय सूत्र सरलबाट जटिल तिरको मर्मलाई बुझेर सोही अनुसार पाठहरुको प्रस्तुति गर्नुपर्ने ।

१०. पाठपछि राखिएका नमुना अभ्यासहरु पाठसँग सन्दर्भ अनुसार प्रस्तुत गरेर समान रुपमा राख्नु उपयुक्त हुने देखिन्छ ।

आगामी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु :

१. ५ वर्षदेखि ९ वर्षसम्मका विद्यार्थीहरुको लिखित शब्दभण्डार क्षमताको अध्ययन ।

२. कक्षा ४ को पाठ्यपुस्तकमा समाविष्ट कविता विधाका लागि आवश्यक शैक्षिक सामग्रीको अध्ययन ।

३. कक्षा ४ मा अध्ययन गर्ने विद्यार्थीहरुको नेपाली व्यकरणिक कोटिसम्बन्धि त्रुटि विश्लेषण ।

४. गाउँमा अवस्थित विद्यालयहरु र शहरमा अवस्थित विद्यालयहरुमा अध्ययनरत कक्षा ४ का विद्यार्थीहरुको शब्दभण्डारको तुलनात्मक अध्ययन ।

५. आवासीय र साधारण विद्यालयका कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरुको विषयवस्तु सम्बन्धि क्षमताको अध्ययन ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज, भाषा शिक्षण (२०५७) विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ

अधिकारी, हेमाङ्गराज, नेपाली भाषा शिक्षण (तृतीय संस्करण २०५०), कुञ्जन प्रकाशन, काठमाडौँ

अधिकारी, हेमाङ्गराज, पूर्वीय साहित्यको सिद्धान्त (२०४३) साझा प्रकाशन

कार्की संगीता, "कक्षा चारमा कविता शिक्षणका लागि प्रयोग गर्न सकिने शिक्षण विधिहरुको अध्ययन" (२०५८) ।

खनाल, कमलराज (२०५९) मेरो नेपाली किताब (कक्षा ४) र सजिलो नपाली माला (कक्षा ४) को तुलनात्मक अध्ययन ।

पाण्डे, नारायण प्रसाद, कक्षा ५ को मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कविताहरुको विश्लेषणात्मक अध्ययन, स्नातकोत्तर (शिक्षाशास्त्र) नेपाली शोधपत्र, (२०५९)

प्रयोगात्मक वृहत् शब्दकोश (बद्रीविलास भट्टराई र हेमाङ्गराज अधिकारी)

प्राथमिक शिक्षा पाठ्यक्रम (२०४९) पाठ्यक्रम विकास केन्द्र, सानोठिमी

मेरो नेपाली किताब, कक्षा ४ (२०६१) श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

मेरो नेपाली किताब, कक्षा ४ शिक्षक निर्देशिका (२०६२) श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

लुइटेल, खगेन्द्रप्रसाद, नेपाली कवि र कविता, विभु ऋभु प्रकाशन, काठमाडौँ । ( २०५७)

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ, नेपाली साहित्यको संङ्क्षिप्त इतिहास, तृतीय संस्करण, साझा प्रकाशन २०४६ ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल, नेपाली भाषा र साहित्य शिक्षण, न्यू हिरा बुक्स इन्टरप्राइजेज, काठमाडौँ २०६० ।

सापकोटा, नारायणप्रसाद छन्दोलङ्का-माला, (२०५२) हरिनगर, जिल्ला चितवन